# राष्ट्रिय दलित नेटवर्क (RDN) नेपालको
# दलित अधिकार आन्दोलन सम्बन्धी
## दीर्घकालिन रणनीति योजना पत्र (२०१७-२०२०)

**मुलुकको वर्तमान परिस्थिति**

वि.सं.२००७ सालमा शुरु भएको राजनीतिक तथा नागरिक आन्दोलनको अभिभारा झण्डै ६० वर्षपछि २०६५ जेष्ठ १५ गते राजतन्त्रको अन्त्य र गणतन्त्रको कार्यान्वनको घोषणाबाट सम्पन्न भयो । राजतन्त्रको अन्त्यसंगै नेपाल सामन्तवादी युगलाई विदा गरेर पूजीवादी अर्थात आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारको लडाईको युगमा प्रवेश गर्‍यो । नेपालको २०६८ को जनगणना अनुसार कुलजनसंख्या २,६४,९४,५०४ मध्ये करिब १ करोड १७ लाख जनसंख्या ज्यालादारी श्रममा संलग्न रहेको देखाएको छ । त्यसैले श्रमशक्तिमध्ये निजामति कर्मचारी, शिक्षक, प्राध्यापक, सेना र प्रहरी आदिमा रहेकाहरुको संख्या करिब ६ लाख छ भने संगठित निजी क्षेत्रमा करिब १४ लाख र वैदेशिक रोजगारीमा करिब ३० लाख संख्या रहेको छ । यसका साथै भारतका विभिन्न भागमा आफ्नो श्रमशक्ति बेचेर जीवन निर्वाह गर्ने नेपालीहरुको संख्या करिब ३० लाख मानिएको छ । हाल नेपाल राष्ट्र बैंकका अनुसार ५७.६ प्रतिशत परिवारका सदस्य वैदेशिक रोगजारमा संलग्न भई कुल गार्हस्थ उत्पादनमा २३% रेमिट्यान्स रहेको छ । यसलाई हेर्दा शारिरीक तथा मानसिक श्रममा आधारित भई ज्यालादारी श्रमबाट जीवन निर्वाह गर्नेहरुको संख्या करिब ८०% रहेको देखिन्छ ।

भुदासप्रथामा आधारित सामन्ती अर्थतन्त्रको ठाँउ ज्यालादारी श्रममा आधारित अतिरिक्त मूल्य उत्पादन गर्ने पुँजीवादी अर्थतन्त्रले लिएको छ । यातायातको क्षेत्रमा करिब २५ हजार कि.मि. सडक निर्माण भई ७५ जिल्लामध्ये २ ओटा जिल्ला (हुम्ला र डोल्पा) बाहेकका सबै जिल्लाका सदरमुकामहरु मोटर सडकले जोडिएका छन् । संचारका क्षेत्रमा रेडियो नेपालका अतिरिक्त निजी क्षेत्रबाट सञ्चालित एफएम रेडियोको संख्या ५००, टिभी च्यानल १५ वटा, दैनिक, अर्धसाप्ताहिक, पाक्षिक, मासिक, द्धैमासिक, त्रैमासिक, अर्धवार्षिक गरी विभिन्न १७ भाषामा ६,१७१ पत्रिकाहरु प्रकाशित हुने गरेका छन्, हजारौंको संख्यामा अनलाइन संचालनमा छन् । नेपालीले फोन र नेटमा वार्षिक एक खर्ब रुपियाँ खर्च गर्न थालेको प्रतिवेदन हालै बजारमा आएको छ । शैक्षिक क्षेत्रमा मुलुकभर परम्परागत आश्रम/गुरुकुल, गुम्ब, विहार र मदरसातर्फका प्राथमिक, निम्नि माध्यमिक तथा माध्यमिक तहका कुल १,६१४ विद्यालयहरु सञ्चालनमा रहेका छन् भने देशमा विभिन्न तहमा विद्यालयको संख्या ५० हजार नाघेको छ भने ९ वटा विश्वविद्यालयहरु छन् । उच्च शिक्षामा मात्र ५ लाख भन्दा बढी विद्यार्थीहरु अध्ययन गरिरहेका छन् । प्राथमिक विद्यालय जाने विद्यार्थीको संख्या कुल बालबालिकाको ९६ प्रतिशत रहेको छ । त्यस्तै स्वास्थ्य सेवाका क्षेत्रमा अहिले देशमा ठुला अस्पतालको संख्या १०५ भन्दा बढी छ । स्वास्थ्य चौकी लगायतका स्वास्थ्य सेवा केन्द्र देशका विभिन्न भागमा १० हजारभन्दा बढी सेवारत छन् । यसैबिच विशेषज्ञ डाक्टर, परिचारिका, स्वास्थ्य कार्यकर्ता तथा परम्परागत कविराज, वैद्य, ग्रामीण स्वास्थ्य कार्यकर्ता आदि पेशागत स्वास्थ्य जनशक्ति झन्डै १ लाख पुगेको छ । यी तथ्य तथ्याँकका आधारमा नेपाली समाज पूर्णरुपले पुँजीवादीकरणको बाटोमा अग्रसर भएको पुष्टि हुन्छ । यद्यपि त्यसमा दलाल पुँजीवादको प्रभाव पनि उत्तिकै रहेको छ । भने अर्कातिर नेपालको संविधान जारी भएपछि हामीले उठाउँदै आएका कतिपय मागहरुमा परिवर्तन हुने राष्टिय परिस्थितिमा हामी आइपुगेका छौं ।

**दलित समुदायको स्थिति, जनसङ्ख्या र प्रतिनिधित्व**

वि.सं. २०४८ को जनगणनामा नेपालमा दलित समुदायको सङ्ख्या करिब २३ लाख देखाइएको छ । तर त्यो तथ्याङ्कले सम्पूर्ण दलितको सङ्ख्या ल्याउन सकेको थिएन । त्यसो हुनुमा पहिलो, उक्त सरकारी प्रतिवेदनमा कुल जनसङ्ख्याको ५.६ प्रतिशत रहेको नेवार जातिभित्रका दलितलाई दलितका रुपमा गन्ती नै नगरिएको स्वीकारियो । दोस्रो, तराईका मधेसका कैयौं दलितभित्र पर्ने जातलाई दलितको सङ्ख्याभित्र राखिएन । तेस्रो, दलित समुदायलाई पहिलेदेखि उनीहरुको थरगोत्र लेख्न नदिई 'जात' लेख्न वाध्य पारिएकाले अधिकांश माथिल्लो जातका गणकलाई दलितको थरगोत्रै थाहा भएन र छैन । तर ०४६ सालपछि चेतना वृद्धि भई दलितहरुले आफ्नो नामका पछाडि थरगोत्र लेख्न थाले । जनगणनाको समयमा कुनै कुनै दलित परिवारले आफ्नो थरगोत्र लेखाउँदा गणकहरुले उनीहरुलाई अन्य उच्च जातमा राखेका हुन सक्छन्, किनभने अधिकांश आर्य-खस दलितको थरगोत्र कथित माथिल्ला जातकासँग

मिल्दछ । चौथो, जनगणना लिँदा दलित वस्तीको असुविधा र छुवाछुत तथा दलितप्रतिको उपेक्षाभावका कारण कथित माथिल्लो जातका गणकहरु दलित वस्तीमा प्रवेशै नगर्ने वा माथिल्लो जातका व्यक्तिहरुसँग सूचना लिएर गणना फारम भर्ने गरिएका उदाहरण पनि छ्यापछ्याप्ती पाइएका छन् । यसप्रकारको समस्या अझै रहेकाले वि.सं. २०६८ को जनगणनाले पनि उही १३ प्रतिशत मै दलित जनसङ्ख्या देखाएको छ, सङ्ख्यामा भने ३७ लाख देखिएको छ । त्यसैले वास्तवमा गैरसरकारी प्रतिवेदनहरुका आधारमा नेपालमा दलितहरुको सङ्ख्या ४५ लाखको हाराहारीमा रहेको मानिएको छ । नेपालमा सवर्ण समाज वा छुवाछुतयुक्त वर्णव्यवस्था कायम भएका तीन वटा समुदाय छन् । वागमती उपत्यका र देशभरि छरिएका बौद्ध र हिन्दूधर्मीय नेपालभाषा (नेवार भाषा) बोल्ने नेवार समुदाय, आज सत्ताधारी जातिका रुपमा स्थापित नेपालीभाषी हिन्दूधर्मीय आर्य-खस समुदाय अनि नेपालको तराई क्षेत्रमा मैथिली र विभिन्न भाषा बोल्ने हिन्दूधर्मीय मधेसी समुदाय रहेको छ । २०४६ सालको परिवर्तनपछि ०४८ सालको आमनिर्वाचनमा एकपल्ट एक जना दलित मात्र प्रतिनिधिसभामा निर्वाचित भए । त्यसबाहेक राजा र विभिन्न पार्टीबाट राष्ट्रियसभामा आठ जना दलित सांसद् बनाइए । पञ्चायतले एक जना दलितलाई राज्यमन्त्रीसम्म बनाएको थियो, तर संसदीय व्यवस्थाको १२ बर्षमा कुनै पनि दलित मन्त्री स्तरमा पुग्न सकेनन् । अहिलेसम्म तोकिएको २०५ वटा निर्वाचन क्षेत्रमध्ये १५ वटामा दलितको बहुमत रहेको छ, तर उनीहरु निर्वाचित हुन सक्ने सामाजिक स्थिति र राजनीतिक प्रणाली नै छैन । स्थानीय निकायमा उनीहरुको प्रतिनिधित्वमा पनि कुनै गुणात्मक भिन्नता छैन । २०४६ सालसम्म सत्ताधारी पार्टीहरुका केन्द्रीय समितिमा दलित थिएनन् । एक दर्जनभन्दा बढी कम्युनिष्ट पार्टी (खुला र भूमिगत) मध्ये दुई वटा पार्टीमा जम्मा तीन जना केन्द्रीय समितिमा पुगेका थिए । आजसम्म पुग्दा भने सबै पार्टीको केन्द्रीय समितिमा केही न केही सङ्ख्यामा दलितहरु पुग्ने स्थिति बनेको छ । शिक्षाको क्षेत्रमा कहालीलाग्दो स्थिति छ । नेपालमा दलितको साक्षरता सरदर १०.७ प्रतिशत छ । त्यसभित्र पनि दलित महिलाको साक्षरता सरदर ३.२ छ, यद्यपि सम्पूर्ण नेपालीको साक्षरता सरदर ४८ रहेको छ । एसएलसीमा सहभागिता १.५, प्रमाणपत्र तहसम्म १ र स्नातक तहमा ०.६ प्रतिशत छ । यस तथ्याङ्कमा पनि पहाड र वागमती उपत्यकाको तथ्याङ्कको बढी भाग छ । तराईका दलितको मात्र स्थिति हेर्ने हो भने स्थिति अत्यन्त खराब देखिन्छ । आम नेपालीको सरदर आयुको तुलनामा दलितको आयु ५ वर्ष कम छ । मातृमृत्युदर, शिशुमृत्युदर, कुपोषण र खाद्य असुरक्षाजस्ता महत्वपूर्ण क्षेत्रमा अन्य जातिको तुलनामा दलितको स्थिति अत्यन्तै गम्भीर छ । राज्यका प्रमुख अङ्गमा दलितको सहभागिता नगन्य छ । सेना र प्रहरीभित्र पनि छुवाछुत कायम छ । नेपालको रक्षा मन्त्रालयका अनुसार सेनामा १ प्रतिशत अर्थात् करिब ५०० जति दलित छन् । उनीहरुलाई त्यहाँ परम्परागत पेसामा सीमित राखिन्छ । उनीहरुलाई सशस्त्र गणमा भर्ना नै गरिँदैन । सेनामा कोही पनि दलित युद्ध कार्य गर्ने विभागमा अधिकृत छैनन् । २०५८ सालमा पहिलोचोटि एक अधिकृतले सेनामा दलितको हातबाट छोएको खाएको समाचार प्रकाशित गरिएकाले पनि स्थिति प्रस्ट हुन्छ । न्यायपालिकाको क्षेत्रमा लेखन्दास र केहि अधिवक्ताबाहेक न्यायाधीश स्तरमा एक जना दलित भर्खर पुगेका छन् । पत्रकारिताको क्षेत्रमा केहि रिपोर्टर, त्यति नै सङ्ख्यामा स्तम्भलेखक र दलितसम्बन्धी एकाध पत्रिकाका सम्पादक छन् । विश्वविद्यालयका अध्यापकमा बाह्र जनाको हाराहारीमा दलित पुगेका छन् । उद्योग वाणिज्य सङ्घ र नेपाल चेम्बर अफ कमर्सजस्ता संस्थामा कोही पनि दलित केन्द्रीय पदाधिकारी छैनन् । प्रशासन क्षेत्रमा एक जना सह-सचिव र केहि शाखाअधिकृत छन्, । अहिलेसम्म केहि  डाक्टर र केहि इन्जिनियर रहेका छन् । साहित्यमा नेपाल र भारतका (नेपाली मूलका) गरी मुस्किलले केही स्थापित छन् । नेपाली क्षेत्रको कलाक्षेत्र मात्रै एउटा क्षेत्र छ, जहाँ दलितको उपस्थिति सामान्यतया ठीकै छ, त्यो क्षेत्र हो-गायन र सङ्गीत । रेडियोमा गायन र सङ्गीतमा मूलतः कामी, दमाई र नेवार दलितको ठीकठीकै उपस्थिति छ । यसो हुनुका पछाडि पहिलो, राणाकालमा दरबारमा गीत गाउने थुप्रै नेवार दलित थिए र सरकारी ब्याण्डमा कार्यरत थिए । त्यति बेला अरु 'उच्च जात'काले गाउने-नाच्ने पेसालाई हेलाको दृष्टिले हेर्दथे । त्यसैले सेना र प्रहरीमा ब्याण्ड स्थापना गर्न परम्परागत रुपमै बजाउने पेसाका दलितलाई समावेश नगरी काम चल्दैनथ्यो । दोस्रो, आर्य-खस समुदायका दलित सङ्गीतकार र गायकहरु मूलतः भारतको दार्जीलिङ क्षेत्रबाट भित्रिएका हुन् । केही नेपालभित्रकै पनि रहेका छन् । फिल्म क्षेत्रमाएकाध दलित निर्देशक छन् । यसबाहेक समाजका विभिन्न क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने एकाध व्यक्ति नभएका होइनन्, तर ती अपवादस्वरुप विशिष्ट संयोग र प्रतिभाका कारण त्यस स्थानमा पुगेका हुन्, सामाजिक संरचनाको अनिवार्य परिणामले पुगेका होइनन् ।

**नेपालको दलितहरुको तथ्याङ्कको प्रवृतिगत अवस्था :**

| क्र सं | दलित जाति | सन् १९९१ | | सन् २००१ | | सन् २०११ | | बृद्धि |
|---|---|---|---|---|---|---|---|---|
| | | जनसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत | प्रतिशत |
| १ | विश्वकर्मा | ९६३६५५ | ५.२१ | ८९५९५४ | ३.९४ | १२५८५५४ | ४.७४ | ०.८१ |
| २ | परियार | ३६७९८९ | १.९९ | ३९०३०५ | १.७२ | ४७२८६२ | १.७८ | ०.०७ |
| ३ | मिझार | २६६२२४ | १.४९ | ३१८९८९ | १.४० | ३७४८१६ | १.४१ | ०.०१ |
| ४ | चमार | २०३९१९ | १.१ | २६९६६१ | १.१९ | ३५५८९३ | १.२७ | ०.०८ |
| ५ | मुसहर | १४१९८० | ०.७७ | १७२४३४ | ०.७६ | २३४४९० | ०.८९ | ०.१३ |
| ६ | पासवान | ९३२४२ | ०.५ | १५८५२५ | ०.७० | २०८९१० | ०.७९ | ०.०९ |
| ७ | सोनार | ० | ० | १४५०८८ | ०.६४ | ११२९४६ | ०.४३ | -०.२१ |
| ८ | लोहार | ० | ० | ८२६३७ | ०.३६ | १०१४२१ | ०.३८ | ०.०२ |
| ९ | तत्मा/तत्व | ० | ० | ७६५१२ | ०.३४ | १०४८६५ | ०.४० | ०.०६ |
| १० | खत्वे | ६६६१२ | ०.३६ | ७४९७२ | ०.३३ | १००९२१ | ०.३८ | ०.०५ |
| ११ | धोबी | ७६५९४ | ०.४१ | ७३४१३ | ०.३२ | १०९०७९ | ०.४१ | ०.०९ |
| १२ | बाँतर,सरदार | ० | ० | ३५८३९ | ०.१६ | ५५१०४ | ०.२१ | ०.०५ |
| १३ | चिडियामार | ० | ० | १२२९६ | ०.०५ | १२५४ | ०.०० | -०.०५ |
| १४ | डोम | ० | ० | ८९३१ | ०़०४ | १३२६८ | ०.०५ | ०.०१ |
| १५ | गाइने | ४४८४ | ०.०४ | ५८८७ | ०.०३ | ६७९१ | ०.०३ | ०.०० |
| १६ | बादी | ७०८२ | ०.०४ | ४४४२ | ०.०२ | ३८६०३ | ०.१५ | ०.१३ |
| १७ | हलखोर | ० | ० | ३६२१ | ०.०२ | ४००३ | ०.०२ | ०.०० |
| १८ | पत्थरकट्टा | ० | ० | ५५२ | ०.०० | ३१८२ | ०.०१ | ०.०१ |
| १९ | कलार | ० | ० | ० | ०.०० | १०७७ | ०.०० | ०.०० |
| २० | कोरी | ० | ० | ० | ०.०० | १२२७६ | ०.०५ | ०.०५ |
| २१ | सरबरिया | ० | ० | ० | ०.०० | ४९०६ | ०.०२ | ०.०२ |
| २२ | दलित अन्य | ० | ० | १७३४०१ | ०.७६ | १५५३५४ | ०.५९ | -०.१८ |
| २३ | खटिक | ० | ० | ० | ० | ० | ० | ०.०० |
| २४ | ककहिया | ० | ० | ० | ० | ० | ० | ०.०० |
| २५ | पोडे | ० | ० | ० | ० | ० | ० | ० |
| २६ | च्यामे | ० | ० | ० | ० | ० | ० | ० |
| २७ | नटुवा | ० | ० | ० | ० | ० | ० | ० |
| २८ | धण्डी | ० | ० | ० | ० | ० | ० | ० |
| २९ | धरिकार | ० | ० | ० | ० | ० | ० | ० |
| | **कुल जम्मा** | **२१९१७८१** | **००** | **२९०३४५९** | **१२.७७** | **३७१०५७५** | **१४.०१** | **१.२४** |

**स्रोत : राष्ट्रिय जनगणना २०६८**

**सामन्ती उत्पादन सम्बन्ध र दलित समुदाय :**

नेपाली दलितबारे चर्चा गर्दा धेरैजसो छुवाछुत र भेदभावसम्म मात्रै सीमित रहने गरिएको छ । तर छुवाछुत र भेदभावबारे मात्रै सीमित रहने हो भने दलित समुदायका समस्याको जरासम्म कदापि पुग्न सकिने छैन । त्यसैले दलित समुदायको स्थितिबारे बुझ्न उत्पादन सम्बन्धमा दलितको स्थान कहाँनेर छ भन्ने तथ्यलाई खोतल्नु आवश्यक हुन्छ । त्यस प्रयत्नले मात्रै दलितहरु सामन्ती र सामन्ती उत्पादन संरचनामा कसरी पींधमा ड्याकिएका छन् भन्ने कुरा देखा पर्दछ । यस कोणबाट हेर्दा दलित समुदायको आर्थिक क्षेत्रको केन्द्रीय समस्या भनेको अहिले पनि उत्पादनका साधनबाट वञ्चित हुनु नै हो । सामाजिक क्षेत्रको केन्द्रीय समस्या हो-छुवाछुत र भेदभावका कारण इच्छा र आवश्यकताअनुसार व्यवसाय अँगाल्न नपाइने सामन्ती सांस्कृतिक बन्देज । उत्पादनका साधन-स्रोतमा उपलब्ध तथ्याङ्कका आधारमा नेपाली दलित कसरी सामन्ती उत्पादन सम्बन्धको चङ्गुलमा फसेका छन् भन्ने कुरा प्रस्टसँग देख्न सकिन्छ । अहिले पनि ७१ प्रतिशत जनता कृषि क्षेत्रमा निर्भर रहेको नेपालमा ७० प्रतिशत कृषक परिवारको हातमा केवल ३० प्रतिशत

मात्रै खेतीयोग्य जमिन छ (श्री ५ को सरकार ०५१: ४६) । कुल जनसङ्ख्याको १३ प्रतिशतको सङ्ख्यामा रहेका दलितसँग केवल १ प्रतिशत खेतीयोग्य जमिन छ । नेपालमा करिब २५ लाख भूमिहीन किसान (नेकपा एकताकेन्द्र ०५४: ३९) मध्ये १० देखि १५ लाख त दलित मात्रै छन् । त्यसमा पनि तराईका ९५ प्रतिशत दलितसँग खेती गर्न जमिनै छैन । पहाडका १६ प्रतिशत दलित शुद्ध भूमिहीन, ५० प्रतिशतसँग ६ रोपनीभन्दा कम जमिन र ३४ प्रतिशतसँग ६ रोपनीभन्दा बढी जमिन देखिन्छ । पहाडमा एउटा परिवारले जसोतसो प्राण जोगाउन पनि न्यूनतम पाखोबारी २० रोपनीभन्दा कमले नपुग्ने स्थिति हेर्दा गरिब किसान अर्थात् आफ्नो जमिनबाट जीवन धान्न नसक्ने दलितको सङ्ख्या ९० प्रतिशतभन्दा बढी हुन पुग्दछ । यस स्थितिलाई गरिबी र प्रतिव्यक्ति आयको तथ्याङ्कसँग दाँज्दा अझ स्थिति छर्लङ्ग हुन्छ । नेपालका कुल जनतामध्ये ६६ प्रतिशत गरिबीको रेखामुनि छन् भने दलितहरु ९० प्रतिशत गरिबीको रेखामुनि छन् । त्यसैगरी नेपालीहरुको प्रतिव्यक्ति आय २१० अमेरिकी डलर छ भने दलितको प्रतिव्यक्ति आय केवल ३९.०६ मात्र छ ।

यस तथ्याङ्कको ऐनामा पनि असमानताको स्थितिले दलितहरुको पीडादायी जीवनलाई प्रतिविम्बित गर्दछ, तर वास्तविक जीवनमा स्थिति यो भन्दा चर्को छ । बाँच्न खेतीयोग्य जमिन नहुनाले, अन्य क्षेत्रमा रोजगारको अभाव हुनाले दलितहरु मूलतः कृषि क्षेत्रमा मोही किसान र कृषि श्रमिकका रुपमा रहेका छन् । उनीहरु पहाडमा खेताला, हली, गोठाला र तराईमा जन (खेताला), हरवा, चरवाका रुपमा क्रियाशील छन् । त्यसै गरी दलितहरुको करिब ४० प्रतिशत सङ्ख्या परम्परागत जातीय सीपमूलक पेशामा सङ्लग्न छन् (शर्मा ०५७) । तर कृषि र सीपमूलक व्यवसाय दुबैमा उनीहरु सामन्तीशोषणमा परेका छन् । नेपाली दलितका सन्दर्भमा एक त दलित मोही सांस्कृतिक रुपमा समेत बन्धनमा छन् । दुई, उनीहरु श्रम क्षेत्र छनौट गर्न स्वतन्त्र छैनन्, किनभने छुवाछुत र भेदभावमय सांस्कृतिक सम्बन्धले उनीहरुलाई स्वतन्त्र बजारमा जान बाधा दिन्छ । तीन, शुद्ध कृषि श्रमिक पनि स्वतन्त्र बन्न पाएका छैनन् । परम्परागत सीपमूलक र सेवामूलक काममा रहेका दलित पनि 'बालिघर' जस्तो सामन्ती प्रथाअन्तर्गत शोषित हुन बाध्य छन् । राजधानी लगायतका अधिकांश नगरपालिका र अस्पतालमा अहिले पनि दलित नै सरसफाइ सम्बन्धी काममा रहेका छन् । उनीहरु ज्यालामा श्रम गर्ने भएकाले शुद्ध मजदुरजस्तो लाग्छ, तर त्यस कामका लागि अन्य जातिलाई अझै भर्ती गरिन्न । देशभित्रको दस्तकारी र कृषि क्षेत्रबाट जीवन धान्न नसक्ने स्थितिका कारण पश्चिम नेपाल र तराईबाट ऋतुकालीन वा लामो समयका लागि भारतमा श्रम गर्न जाने दलितको स्थिति पनि गुणात्मक रुपमा फेरिन सकेको छैन । एक त उनीहरुले भारतमा पनि सबैभन्दा तल्लो दर्जाको काम पाउँछन्, अर्को कुरा परिवारको एकाध सदस्य न्यून आयका निम्ति प्रवासिँदा सिङ्गै परिवारको सामाजिक-आर्थिक हैसियत फेरिने स्थिति बन्न सक्तैन । यसरी सामन्ती उत्पादन सम्बन्धभित्र पिल्सिएका दलितको मुक्तिको प्रश्न सीधै देशकोसामन्ती उत्पादन सम्बन्धको परिवर्तनसँग जोडिन पुग्दछ । आर्थिक आधार वा जमिनमा दलितको स्वामित्व कायम नभएसम्म, सीप प्रवर्धन र वैकल्पिक रोजगारको व्यवस्था नभएसम्म, पेसा फेर्न सक्ने सांस्कृतिक वातावरण नबनेसम्म दलितको जीवनमा आधारभूत परिवर्तन हुन नसक्ने प्रस्टै छ । तर दलितको उत्थानको कुरा गर्ने विभिन्न प्रवृत्तिले यस पक्षलाई बेवास्ता गरेका उदाहरण प्रशस्तै छ । सम्पत्तिहीनता, परिस्कृत ज्ञानको न्यूनता, सामाजिक प्रतिष्ठाहीनताको युगौंयुगको प्रशिक्षण र अभ्यासले गर्दा स्वाभाविक रुपमा दलितहरु थुप्रै विकारजन्य रीतिथिति र बानीबेहोराका सिकार भएका छन् ।

## नेपालमा दलित सम्बन्धमा संवैधानिक र कानुनी व्यवस्थाहरु :

### क) आधुनिक नेपालभन्दा अघि :

करिब ३५ सय वर्ष अगाडि रचना गरिएको मानिएको हिन्दू ग्रन्थ ऋग्वेदमा ब्राह्मण, क्षेत्री, वैश्य र शुद्रको उत्पत्तिको बयान गरिएपनि ऋग्वेद कुनै संहिताको स्तरमा पाइँदैन । ऋग्वेदकालदेखि करिब एक हजार वर्षसम्ममा वर्णव्यवस्थामा छुवाछुतसमेतलाई कठोर पारिसकिएको भेटिए पनि शुद्रहरुको निम्ति ठोस कानुनी लिखित बाध्यता भेटिएको छैन, बरु ती सामाजिक संस्कारको स्तरमा र त्यतिबेलाको राज्यले मौखिक रुपमा तोकेको स्तरमा नियमहरु रहेको कुरा नै मान्नुपर्ने अवस्था रहि आएको छ । कानुनी रुपमै लिखत गरेर सबै वर्णका निम्ति संहिता तोक्ने काम भने पहिलो पटक मनुस्मृतिमा भएको पाइन्छ । जसको रचनाकाल इ.सं २००-३०० मानिएको छ । यसर्थ कानुनी रुपमा जात व्यवस्थालाई लिखित रुपमा कठोर बनाउने कामको सुरुवात हिन्दू समाजमा मनुस्मृतिबाट नै भएको हो । यसपछि नेपालको तराईमा इ.सं. १०८७ मा जात पञ्जिकरणको व्यवस्था भएबाट के बुझिन्छ भने त्यतिबेला नेपालको तराईमा जातहरुलाई संहिता तोक्ने काम राज्यले सुरु गरिसकेको थियो । गोरखाका राजा राम शाहले आफ्नो राज्यकालमा जात व्यवस्थालाई व्यवस्थित पारे र चार वर्ण छत्तीस जातमा समाजलाई परिभाषित गरी संहिता पनि तोकेको भेटिन्छ । तर त्यो संहिताको लिखित रुप भने पाइँदैन । वागमती उपत्यकामा लिच्छवी शासकहरुले इ.सं. २०० पछि चार वर्ण अठार

जातको व्यवस्था, त्यसपछि जयस्थिति मल्लले त्यसमा थपेर ६४ जातको व्यवस्था गरेको प्रसंगलाई अध्ययन गर्दा त्यसलाई व्यवस्थित ढंगले जात व्यवस्थाको संहिताकरण भन्नुपर्ने हुन्छ । यसरी आजको नेपाल भूखण्डमा तराई, गोरखा र वागमती उपत्यका जात व्यवस्थालाई संहिताकरण गर्ने मूल केन्द्रका रुपमा देखापर्दछन् । पृथ्वीनारायण शाहद्धारा राज्य विस्तारको अभियान चलाएर सिंगो नेपालमा राज्य सञ्चालन गरेको करिब दुई सय वर्षसम्म पनि कुनै लिखित कानुन थिएन, सबै उर्दीका भरमा राज्य चलिरहेको थियो । जात व्यवस्था र दलितमाथिको उत्पीडन खस-आर्य, मधेसी र नेवारभित्र पहिलेदेखि तोकिएको सामाजिक रीतका रुपमा नै चलिरहेको थियो ।

**ख) वि.सं.१९१० को मुलुकी ऐन :**

श्री ३ महाराजका रुपमा जङ्गबहादुर राणाले शासन आफ्नो हातमा लिएपछि वि.सं.१९१० मा जारी गरिएको मुलुकी ऐन नै आधुनिक नेपालको पहिलो कानुनी दस्तावेज हो । यस मुलुकी ऐनले नै सिंगो नेपाल हिन्दू धर्ममा आधारित मूल्यमान्यताअनुसार चलाउने कानुनी व्यवस्था गऱ्यो रयसले हिन्दू वर्णव्यवस्थाअनुसारको जातप्रथालाई कानुनी रुपमैं बाध्यकारी बनायो । छुवाछुतलाई कठोरतापूर्वक लागू गऱ्यो । जात व्यवस्था नभएका गैरहिन्दूलाई पनि दलितहरुमाथि छुवाछुत गर्न, जातीय विभेद गर्न बाध्य बनायो । जात व्यवस्थामा आधारित व्यापक समग्र व्यवस्थाहरु गरिएको त्यस ऐनमा धेरै नै मिहिन ढंगले प्रत्येक जातका निम्ति फरक फरक संहिता र जातको हैसियत किटान गरियो । मृत्युदण्ड दिन हुने र नहुने, कमारो बनाएर किनबेच गर्न हुने र नहुने, पानी चल्ने र नचल्ने, पानी नचल्ने तर छोइछिटो हाल्नु नपर्ने र पानी नचल्ने अनि छोइछिटो हाल्नुपर्ने जस्ता प्रत्येक जातका निम्ति बन्देजहरु किटान गरियो । प्रत्येक जात को भन्दा को ठूलो तह नै किटान गरी कसले कसको जुठो खान हुने कसले नहुनेसम्मका व्यवस्थाहरु भए । एउटै अपराधमा कुन जातलाई नगद जरिवाना, कुनै जातको व्यक्तिको जात काट्ने र खास अर्को जातलाई मृत्युदण्डसमेत दिन मिल्ने प्रावधानहरु किटान गरियो । त्यस मुलुकी ऐनका व्यवस्थाहरुले समाजको पिँधमा रहँदैआएका दलित समुदायको जीवनलाई कानुनी रुपमै नारकिय बनाइदियो ।

**ग) २००७ सालको परिवर्तन र अन्तरिम संविधान :**

वि.सं. २००७ को परिवर्तन वास्तवमै ठूलो परिवर्तन थियो । तर दलितहरुको जीवनमा भने त्यसले ठूलो परिवर्तन ल्याउन सकेन । तत्कालीन दलित आन्दोलनले छुवाछुतको मुद्दा उठायो, तर राजा त्रिभुवनले ‘विधान परिषद्को गठन नभई यस विषयमा अब कुरा उठ्दैन’ भनी विषयलाई छोपछाप गरे । त्यसपछि २००८ सालमा जारी भएको अन्तरिम संविधानले दलितहरुका निम्ति यथार्थमा केवल एउटा अधिकार प्रदान गऱ्यो । त्यो हो विद्यालयमा पढ्न जान पाउने अधिकार । त्यो व्यवस्था दलितलाई केन्द्रविन्दुमा राखेर गरेको नभई शिक्षाबाट वञ्चित राखिएमा ब्राह्मण र क्षेत्री बाहेकका अरुको निम्ति गरिएको व्यवस्था नै थियो । २००७ को परिवर्तनपछि विद्यालयमा भर्ना हुन पाउने अधिकार त दलित समुदायलाई पनि भयो, तर त्यस अधिकारको उपयोग राजधानी र केही सीमित क्षेत्रका थोरै दलितले मात्र गर्ने स्थिति बन्न पुग्यो । यस्तो किन भयो ? किनभने एक, आर्थिक रुपमा सामन्तवादी बालीप्रथामा रहेका दलितहरु सामन्तको काममा बच्चैदेखि काम नगरी जीविका धान्नै सक्दैनथे भने विद्यालयमा पैसा तिरेर कसरी पढ्न जान सक्थे ? दुई, बालीप्रथाअन्तर्गत मालिकका रुपमा रहेका कथित उपल्लो जातका मानिसहरु आफ्नो अर्धदासका रुपमा रहेका दलित परिवारको बच्चा आफ्नै बच्चा जस्तै शिक्षा लिन गएको किमार्थ चाहँदैनथ्यो । तीन, तीन हजार वर्षभन्दा लामो औपचारिक शिक्षाहीनताबाट निर्मित मानसिकताबाट पीडित दलित परिवार बच्चा पढाउने कुरामा इच्छा राख्ने मनोदशामै थिएन । चार, विद्यालयमा दलित बालबच्चामाथि हुने पलपलको अपमानले विद्यालयमा टिक्न सक्ने वातावरण नै बन्दैनथ्यो । पाँच, विद्यालयहरु कम हुनाले टाढा घर छाडेर डेरा वा छात्रवासमा बसेर पढेनुपर्थ्यो । दलित विद्यार्थीले न त डेरा पाउँथ्यो न छात्रावास , नत त्यसको लागि खर्च जुटाउन सक्थ्यो ।

**घ) २०२० सालको नयाँ मुलुकी ऐन :**

वि.सं. २००७ सालको परिवर्तनका निम्ति नेतृत्व गर्ने र लागि पर्ने सम्पूर्ण राजनीतिक पार्टीलाई प्रतिबन्धित गरी २०१७ सालमा सुरु गरिएको सक्रिय राजतन्त्रात्मक पञ्चायति व्यवस्था आम जनतालाई भ्रम दिन नयाँ नयाँ योजना प्रस्तुत गर्न तल्लीन भएर लाग्ने क्रममा २०२० सालमा नयाँ मुलुकी ऐन जारी गऱ्यो । जुन ऐन २०१९ सालमा राजाले घोषणा गरेको संविधानमा आधारित थियो । त्यो नयाँ भनिएपनि त्यसको आधारभूत दृष्टिकोण वि.सं. १९१० मा जङ्गबहादुरले जारी गरेको मुलुकी ऐनमै आधारित थियो । थोरै बजार र कलकारखाना, शैक्षिक संस्था आदि खुलिसकेको परिवेश र राजनीतिक पार्टीहरुलाई समेत निस्तेज पार्नुपर्ने भएकाले त्यस ऐनमा १९१० को भन्दा परिमार्जन त थियो नै तर त्यसले प्रचलित हिन्दू मूल्यमान्यता, वर्णव्यवस्थामा आधारित जातव्यवस्था, छुवाछुत आदिलाई निरन्तरता दिने र

पहाडिया खस-आर्य अहंकारवादलाई लागु गर्ने लक्ष्य बोकेको थियो । त्यस ऐनले छुवाछुत भेदभाव गर्न नपाइने व्यवस्था अदलको १० मा गऱ्यो तर त्यसै अदल १० मा स्पष्टिकरण थपेर भन्यो कि 'सनातन देखि चलिआएको रीति परम्परालाई भेदभाव मानिने छैन ।' यस प्रकार छुवाछुत गर्न नपाइने भनी लेखिएको धारा सिंगो ३० वर्षीय पञ्चायतकालभरी कहिल्यै पनि सक्रिय हुन सकेन र भेदभाव गर्नेमाथि कुनै पनि मुद्दा अदालतमा चल्दै चलेन ।

**ङ) २०२१ सालको भूमिसुधार :**
वि.सं. २०२१ सालको भूमिसुधारले दलित समुदायलाई केही हदसम्म फाइदा पुगाउनु स्वभाविक मान्नुपर्ने हुन्छ । किनभने मोही किसान र भूमिहीन किसानको मुख्य हिस्सा नै दलित थियो । त्यतिबेला मोही किसानलाई १/४ भाग जोतेको जमिन मोहीयानी हकका रुपमा उपलब्ध गराउने र हदबन्दीभन्दा बढी जमीन ५ लाख हेक्टर भन्दा बढी राष्ट्रियकरण गर्ने लक्ष्य राखिएको थियो । केवल ५० हजार रोपनीको हाराहारीमा मात्र जमिन हदबन्दी भन्दा बढीको हात लाग्यो र राजधानी बाहिरका मोही किसानले मोहीयानी हक पनि प्राप्त गर्न सकेन । त्यो भूमिसुधार कार्यक्रमबाट वागमती उपत्यकाका मोही किसानले भने मोहीयानी हक प्राप्त गर्ने स्थिति बन्न पुग्यो, त्यही मेलोमा वागमती उपत्यकाका दलित मोहीले मोहीयानी हक प्राप्त गरे । वागमती उपत्यकामा यस्तो स्थिति हुनको मुख्य कारण भने त्यतिबेला चलेको सशक्त किसान आन्दोलन थियो, जुन त्यतिखेर देशका अन्य भागमा चलेको थिएन ।

**च) नेपाल अधिराज्यको संविधान २०४७ :**
२०४६ को परिवर्तनलाई संस्थागत गर्न वि.सं. २०४७ को संविधान जारी भयो । त्यस संविधानले दलित मुद्दालाई संवोधन गर्न राजनीतिक, आर्थिक अधिकारहरुबारे त केही ठोस व्यवस्था गरेन तर छुवाछुत भेदभावबारे पहिलो पटक संविधानमा बोल्ने काम गऱ्यो । त्यस संविधानले सार्वजनिक स्थानमा हुने छुवाछुत-भेदभावलाई दण्डनीय हुने व्यवस्था गऱ्यो । तर निजी स्थानमा हुने छुवाछुत-भेदभावलाई भने निरन्तरता नै दियो, यो फेरि पनि राज्य छुवाछुत-भेदभावविरुद्ध जान नचाहेको ठोस प्रमाण थियो । संविधानको सार्वजनिक स्थानमा गरिने छुवाछुत भेदभावलाई दण्डनीय बनाउने व्यवस्थामा टेकेर सर्वोच्च अदालतमा मुद्दा चलेपछि अदालतले २०२० को मुलुकी ऐनमा अदलको १० नम्बरमा रहेको सनातनदेखि चलिआएको परम्परालाई भेदभाव मानिने छैन भन्ने स्पष्टिकरण खारेज समेत गऱ्यो । वास्तवमा २०४७ को संविधान २०६३ मा खारेज भयो, यस मानेमा भन्दा २०४७ को संविधानको जीवनकालभर त्यससम्बन्धी कानुन नै बनेन ।

**छ) दलित विकास समिति र राष्ट्रिय दलित आयोग:**
नेपालको दलित आन्दोलनको दबावमा नेपाल सरकारले 'उपेक्षित उत्पीडित दलित वर्ग विकास समिति' वि.सं. २०५४ र राष्ट्रिय दलित आयोग २०५८ गठन गऱ्यो । तर यी निकाय केवल मन्त्री परिषद्को निर्णयमा गठन हुन पुगे । दलित आयोग कानुनी आयोग समेत पनि कहिल्यै बनाउँन राज्य तयार नै भएन । अधिकार विहिन ती संस्थाले थोरै बजेट र सामान्य तोकेका अधिकार क्षेत्रभित्र रहेर केही न केही राहत स्तरका काम त गरे तर दलित समुदायका आधारभूत समस्यालाई प्रभाव गर्ने परिस्थिति नै बनेको छैन । यसप्रकारका अधिकार विहिन संस्थाहरु खडा गर्नु भनेको सारमा त्यो सरोकारवाला समुदायका निम्ति धोका नै सावित हुने अनुभव यी संस्थाबाट प्राप्त भएको छ ।

**ज) नेपालको अन्तरिम संविधान २०६३ :**
नेपालको इतिहासमा २०६३ को अन्तरिम संविधान नेपाली समाज नयाँ युगमा प्रवेश गर्ने एउटा स्पष्ट खाकासहितको दस्तावेज थियो । त्यो संविधानसभाबाट नयाँ संविधान नबन्दासम्मको लागि अन्तरिम थियो, त्यसले जनयुद्ध, जनआन्दोलन दलित, महिला, मधेसी, जनजाति, मुस्लिम लगायत सबै प्रकारका उत्पीडित वर्ग र समुदायका आन्दोलनका मागहरुलाई सम्बोधन गर्ने दिशा पक्रेको थियो । दलित समुदायका सन्दर्भमा त्यसमा मुख्यतः दुई वटा उपलब्धीमूलक दिशाबोध र व्यवस्था थिए । एक, इतिहासमै पहिलो पटक अन्तरिम संविधानले दलित शब्दलाई संविधानमा उल्लेख गरी दलित एउटा संविधानले नै सम्बोधन गर्नुपर्ने उत्पीडित सामाजिक समूहको रुपमा स्वीकार गऱ्यो । यसप्रकारको संवैधानिक स्वीकारोक्ति दक्षिण एसियामा नै पहिलो थियो । अझै ध्यान दिन योग्य कुरा के हो भने २०४३ सालभन्दा अघि पञ्चायती व्यवस्था र अधिकांश राजनीतिक पार्टी दलित शब्दलाई अस्वीकार गर्दथे । त्यस अन्तरिम संविधानसँगै दलित मुद्दा नेपाली राजनीतिको एउटा केन्द्रीय मुद्दा बन्न सफल भयो । दुई, अन्तरिम संविधानले समानुपातिक समावेशी प्रतिनिधित्वको सिद्धान्तलाई स्वीकार गऱ्यो । संविधानसभाको निर्वाचनमा मिश्रित निर्वाचन

प्रणाली अपनाइयो र ५६ प्रतिशत को हाराहारीमा समानुपातिकतर्फ सिट छुट्याइयो । त्यसैको परिणामस्वरुप नेपालको इतिहासमै पहिलो पटक नीतिनिर्माण गर्ने पहिलो संविधानसभामा ५० जना अर्थात ८ प्रतिशत भन्दा धेरै सङ्ख्यामा दलित समुदायबाट सभासद् बन्न सम्भव भयो । दोस्रो संविधानसभाको निर्वाचनमा प्रत्यक्षतर्फबाट निर्वाचित हुने दलित प्रतिनिधिको सङ्ख्या घट्दा पनि समानुपातिक निर्वाचन प्रणालीकै कारण ४० जना दलित समुदायको प्रतिनिधित्व सम्भव भयो । अरु विषयमा निकै नै अग्रगामी देखिएको अन्तरिम संविधान छुवाछुत तथा भेदभावको मामलामा भने २०४७ सालकै स्थितिमा थला पर्‍यो अर्थात अन्तरिम संविधान २०६३ ले पनि सार्वजनिक स्थलमा हुने छुवाछुत तथा भेदभावलाई मात्र दण्डनीय बनाउने कुरा दोहोर्‍यायो । एकातिर अन्तरिम संविधानले समानुपातिक समावेशी सिद्धान्तलाई स्वीकार गर्‍यो भने अर्कोतिर त्यो सिद्धान्त केवल संविधानसभाको निर्वाचनको प्रयोजनका लागि मात्र सीमित पारियो । राज्यका अन्य निकायमा त्यो सिद्धान्तलाई प्रवेश हुनै दिइएन । यो एक प्रकारको राजनीतिक बेइमानी नै थियो । फलस्वरुप मन्त्रीमण्डल, संवैधानिक आयोग, न्यायाधीस लगायत सबै क्षेत्रमा त्यो समानुपातिक समावेशी सिद्धान्तको ठोस परिणाम प्राप्त हुनै सकेन । फलस्वरुप अन्तरिम संविधान पछिका अधिकांश सरकारमा दलित समुदायको उपस्थिति नै भएन ।

**झ) पहिलो छुवाछूत तथा भेदभाव विरुद्धको ऐन २०६८ :**

नेपाली दलित आन्दोलनको इतिहासमा पहिलो पल्ट जातीय भेदभाव र छुवाछुतलाई नै केन्द्रमा राखेर 'जातिय भेदभाव तथा छुवाछुत (कसुर सजाय) ऐन २०६८' बन्नु एउटा ऐतिहासिक कदम थियो । किनभने यसभन्दा अघि त्यस सम्बन्धी सम्पूर्ण ऐन छँदै थिएन । यो ऐन आफै कतिपय मामलामा कमजोर जस्तो देखिएपनि यसले छुवाछुत तथा भेदभावका विरुद्ध एउटा गतिलो हतियार दलित समुदायका निम्ति प्रदान गर्‍यो । यस ऐनको दफा ४ को उपदफा २ ले त अन्तरिम संविधान २०६३ लाई समेत नाघेको छ । जसमा 'सार्वजनिक वा निजी' दुवै स्थानमा छुवाछुत तथा भेदभाव गर्न नपाइने व्यवस्था गरेको छ ।

**नेपालको संविधान (२०७२) मा दलित सम्बन्धी व्यवस्थाहरु :**

नेपालको संवैधानिक इतिहासमा दलित समुदायले सबैभन्दा बढी स्वामित्व ग्रहण गरेको र दलित समुदायका विषयमा प्रस्तावनादेखि मौलिक हक सहित राष्टिय दलित आयोगको व्यवस्था र राजनीतिक प्रतिनीधित्वको संवैधानिक व्यवस्था भएको संविधान यही हो । जुन यसप्रकार छ :

१. प्रस्तावनामा सबैप्रकारका जातीय छुवाछूत तथा भेदभावलाई समूल अन्त्य गर्ने संकल्प गरेकोछ । हालसम्मका संविधानमा यस्तो व्यवस्था गरिएकै थिएन ।
२. संविधानमा दलित समुदायलाई राज्यले संवैधानिक रुपमा मौलिक हकमै अलग धारा सृष्टि गरी अतिरिक्त संबोधन हुनुपर्ने सवाल स्वीकार गर्दै मौलिक हक अन्तरगत दलित हक र छुवाछूत विरुद्धको हक राखिएको छ । यस्तो व्यवस्था दक्षिण एशियाका देशमा नेपालमा मात्र छ ।
३. जातीय छुवाछूत र भेदभाव गरेमा दण्डनीय मात्र होइन पीडितलाई पीडकबाट क्षेतिपूर्ति र दलितहरुलाई शिक्षा, स्वास्थ्य, रोजगारी, भूमि, परम्परागत सीपमा राज्यले दायित्व ग्रहण गरेको छ । यो हालसम्मको नवीन व्यवस्था हो ।
४. संघ र प्रदेशमा प्रतिनिधित्वका लागि हुने निर्वाचनको समानुपातिक ४० प्रतिशत सिटमा दलित समुदायको समानुपातिक प्रतिनिधित्व हुने व्यवस्था गरेको छ । स्थानीय तहका गाउँ कार्यपालिकाको कार्यकारी १७ जनामध्ये २ जना दलित वा अल्पसंख्यक र नगरपालिकामा कार्यकारी संरचनामा ३ जना दलित वा अल्पसंख्यक अनिवार्य निर्वाचित हुने व्यवस्था छ ।
५. राज्यका निर्देशक सिद्धान्तमा राख्ने चलन भएकोमा यस विषयहरुलाई मौलिक हकमा समावेश गरेको छ । यो विश्वका संविधानभन्दा पृथक र नविनत्तम व्यवस्था हो ।
६. संविधानको अर्को नविन पक्ष भनेको प्राथमिकताको सिद्धान्तलाई अबलम्बन गर्नु हो जसलाई प्रगतिशील आरक्षण समेत भन्न सकिन्छ । यस संविधानले समता र प्राथमिकताका आधारमा विपन्न, बहिष्करणमा पारिएको, गरीवलाई आर्थिक क्षेत्र, सेवा तथा सुविधाका क्षेत्र र सामाजिक बहिष्करणका आधारमा प्राथमिकता र पहंचको अवसरमा सबैभन्दा पहिलो प्राथमिकता दिने व्यवस्था गरेको छ ।

७. विगत डेढ दशकदेखि कानून समेत नबनी स्थानीय विकास मंत्रालयको मातहतमा रहेको दलित आयोगलाई एकैपटक संवैधानिक आयोगको व्यवस्था गरिएको छ । यो अन्तरिम संविधान र पहिलो संविधानसभाको मस्यौदाभन्दा एक कदम अगाडि छ ।
८. राष्ट्रिय सभामा हरेक प्रदेशबाट कम्तिमा एक जना दलित समुदायको प्रतिनीधित्वको अनिवार्य व्यवस्था गरिएको छ ।
९. संविधानको धारा १८ ले परम्परागत उदारवादी लोकतन्त्रसंग सम्बन्धविच्छेद गर्दै सबै नागरिकलाई समान मानेर पनि असमान व्यवहार गर्न सहमत रहनु हो ।
१०.संविधानमा सामाजिक समूह (महिला, दलित, जनजाति, मधेशी, मुश्लिम आदि) र वर्गीय समूह (यूवा, किसान, मजदूर आदि) छुटयाइएको छ ।
११.सकारात्मक विभेद दिएको प्रगतिशील आरक्षणको व्यवस्था आवधिक हुने मान्यताका आधारमा हरेक १० वर्षमा राष्ट्रिय जनगणनासंगै मानवविकास सुचाँकका आधारमा संसदीय समीक्षा गर्ने व्यवस्था समेत गरिएको छ ।
१२.राजनीतिक दलका सबै तहका समितिहरुमा नेपालको विविधतालाई संवोधन हुने गरी समावेशी प्रतिनीधित्व गराउनुपर्ने ।

**संविधानमा कानूनी व्यवस्थाबाट कमजोर पार्न सकिने बुंदाहरु :**

१. दलित समुदायका व्यक्तिलाई निजामति सेवा, सेना, प्रहरीलगायत राज्यका सबै निकाय र क्षेत्रहरुमा समावेशी सिद्धान्तका आधारमा कानुन बमोजिम विशेष व्यवस्था गरिनेछ ।
२. दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म कानुन बमोजिम छात्रवृत्ति सहित प्राविधिक र व्यवसायिक उच्च शिक्षामा दलितको लागि कानुन बमोजिम विशेष व्यवस्था गरिनेछ ।
३. स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न कानुन बमोजिम विशेष व्यवस्था गरिनेछ ।
४. पेशा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्न दलित समुदायका परम्परागत पेशासंग सम्बन्धित आधुनिक व्यवसायमा कानून बमोजम सीप र स्रोत उपलब्ध गराउने छ ।
५. राज्यले भूमिहीन दलितलाई कानुन बमोजिम एकपटक जमिन उपलब्ध गराउनुपर्नेछ ।
६. राज्यले आवासविहीन दलितको लागि कानुन कमोजिम बसोबासको व्यवस्था गर्नेछ ।
७. यस धाराद्धारा प्रदत्त सुविधा दलित महिला, पुरुष र सबै समुदायमा रहेका दलितले समानुपातिक रुपमा प्राप्त गर्ने गरी न्यायोचित वितरण गर्नुपर्नेछ ।

**संविधानले अस्वीकार गरिएका दलित समुदायका मागहरु**

१. राजनीतिक क्षेत्रका केन्द्र र प्रदेशमा दलितको जनसंख्याका आधारमा समानुपातिक प्रतिनीधित्वका अतिरिक्त केन्द्रमा ३ प्रतिशत र प्रदेशमा ५ प्रतिशत थप प्रतिनीधित्वको व्यवस्था ।
२. निजामति, सेना, प्रहरीलगायत राज्यका संरचनामा दलितलाई समानुपातिक रुपमा रोजगार दिन व्यवस्था ।
३. दलित समुदायको पूर्ण रुपमा ढोका बन्द गरिएको भनेको न्यायपालिका हो । जसका कारण न्याय क्षेत्र दलितहरुको पहंच विहिन हुनेछ र न्याय परम्परागत हुनेछ ।

**नेपालको संविधानका चुनौतिहरु :**

करोडौंका सपनाहरु बोकेको यस नयाँ संविधान कार्यान्वयनका सन्दर्भमा संविधान कार्यान्वयन गर्न निम्नानुसरका चुनौतिहरु देखिन्छन् :

- अग्रगामी अवधारणाहरु र नेपाली समाजमा रहेका आर्थिक सामाजिक साँस्कृतिक क्षेत्रमा विद्यमान अन्तरविरोधहरुको हल गर्ने,
- संघीयता र पहिचानहिनताले संविधानमा स्वामित्वको संकट यथावत रहिरहने विशेष गरी खसआर्य, आदिवासी/जनजाति, मधेशी/थारुहरुको शक्ति सन्तुलन सहितको पहिचानको समस्या बल्झि रहनेछ र
- भारत तथा चीनजस्ता उदीयमान शक्तिहरुबीचको कुटनीतिक व्यवस्थापन र समृद्धिको यात्राको सन्तुलन प्रमुख चुनौति रहने छन् ।

## नेपालको संविधान संशोधन र दलित मुद्दा

नेपालको संविधान दोस्रो पटक संशोधनको वहसमा रहेको छ । संविधानको पहिलो संशोधनले धारा ४२ मा समानुपातिक प्रतिनीधित्वलाई संबोधन गरेको भएपनि दलितहरुका सन्दर्भमा यसलाई थप स्पष्ट गर्न जरुरी देखिन्छ । अब हुने संविधान संशोधनलाई अवसरका रुपमा लिदै दलित आन्दोलनले त्यसमा पनि मधेशी दलित समुदायका माननीय साँसदहरुले नेपालको संविधानको धारा ४० को उपधारा १ देखि ६ सम्म लेखिएको कानून बनाई भन्ने वाध्यात्मक वाक्याँश हटाउनुपर्दछ । त्यस्तै राजनीतिक क्षेत्रका केन्द्र र प्रदेशमा दलितको जनसंख्याका आधारमा समानुपातिक प्रतिनीधित्वका अतिरिक्त केन्द्रमा ३ प्रतिशत, प्रदेशमा ५ प्रतिशत र स्थानीय तहमा १० प्रतिशत थप प्रतिनीधित्वको व्यवस्थाको सुनिश्चितता हुने गरी पहल गर्नुपर्दछ । साथै संविधानमै निजामति, सेना, प्रहरी, न्यायपालिकालगायत राज्यका सम्पूर्ण संरचनामा दलितहरुको समानुपातिक प्रतिनीधित्वको संवैधानिक व्यवस्था हुनेगरी संशोधन गरिनुपर्दछ ।

## नेपालको दलित समस्या विश्लेषण :

एक्सन एड नेपालद्धारा २००१ मा डा. कृष्णबहादुर भट्टचनको नेतृत्वमा नामसालिङ, बुधबारे, कोदेना, धरान, बागलुङ, कोटभैरव, दिपायल सिलगढी र महेन्द्रनगरमा गरिएको अध्ययन प्रतिवेदनका आधारमा नेपालका दलित समस्यालाई यसरी सूत्रबद्ध गरिएको छ :

### १. प्रवेश निषेध गरिएका क्षेत्र :

१. गैरदलितको घरभित्र २. मन्दिर ३. गुम्बा, मस्जिद र चर्च ४. चियापसल/होटल/रेष्टुरेण्टभित्र ५. पानीको श्रोतमा ६. नयाँ विवाहित जोडीलाई ७. खाद्य उद्योग/कारखानाभित्र ८. कार्यथलो/कारखानाका क्यान्टिनभित्र ९. दूध डेरी फार्म र दूध संकलन केन्द्रभित्र १०. धार्मिक कार्यक्रममा

### २. सेवाका क्षेत्रमा विभेद :

११. दूध खरीद बिक्री १२. ऋण लिने वा दिने १३. कोठा भाडा/छात्रावास १४. तालिम १५. पुरेत्याइँ कार्य १६. जनै वा पवित्र धागो १७. प्रसाद र टीका लिनु र दिनु (फलफूल, खाना आदि) १८. भाँडा वर्तन/गिलास नधोई खाना वा चिया पिउन आदि १९. छिमेकीसँग सहयोग र समर्थन आदान प्रदान २०. मृत शरिर बोक्न वा छुन २१. सरकारी अफिसमा जागिर दिने २२. स्वास्थ्य हेरचाह २३. मासु बिक्री २४. दलितलाई विना दूधको चिया दिने ।

### ३. साझा स्रोतमा पहुँचमा विभेद

२५.पिउने पानीको स्रोत (पानीको धारा, कुवा, ट्यूवलेट, नदी, नदी किनारा, छाँगा छहरा, ताल आदि) २६. स्कूल हाताभित्र पानीका स्रोत अथवा सुविधा, २७. गोरेटो, घोरेटो र सडकमा हिडडुल, २८. छात्रवृत्ति पाउनु २९. घाट ( चिता) को प्रयोग ३०. सामुदायिक वन, नाता सम्बन्ध अथवा सम्बन्ध उपयोग ३१. वैवाहिक सम्बन्ध ३२. दलित महिलासँगको अवैध सम्बन्धलाई वैध गर्नु ३३. नाता-सम्बन्ध जोड्नु ३४. दलित महिलाबाट जन्मेका छोरा-छोरीलाई आफ्नो पारिवारिक नाम दिनु ३५. स्कूलभित्र दलित तथा गैरदलित विद्यार्थीबीच अन्तरक्रिया ३६. स्कूलभित्र दलित तथा गैरदलित शिक्षकबीच अन्तरक्रिया ३७. स्कूलभित्र दलित विद्यार्थी र गैरदलित शिक्षकबीच अन्तरक्रिया ३८. स्कूलभित्र दलित शिक्षक र गैरदलित विद्यार्थीबीच अन्तरक्रिया ३९. स्कूलभित्र दलित शिक्षक र विद्यार्थीबीच अन्तरक्रिया ४०. दलित समुदायका बीच अन्तरक्रिया ।

### ४. सहभागितामा विभेद

४१. भोजभतेर : व्यक्तिगत ४२. भोजभतेर : समुदाय ४३. भोजभतेर (साथै जलपान समारोह) सरकारी विद्यालय र क्याम्पस ४४. भोजभतेर : विवाह ४५. गैरदलितको अन्त्येष्टि समारोहमा उपस्थिति ४६. दलितको अन्त्येष्टि समारोहमा गैरदलितको उपस्थिति ४७. चाडपर्व ४८. सरकारी कार्यक्रम ४९. गैरसरकारी संस्थाका कार्यक्रम ५०. विवाह जन्तीमा सामेल ५१. धार्मिक कार्यक्रम ५२. नीति/निर्णय बनाउने ५३. कार्यान्वयन ५४. दलित केटासँग गैदलित केटी देउडा नाच्नु/गाउनु ।

### ५. बाध्यात्मक अथवा विभेदित श्रम

५५. परम्परागत पेशा ५६. सिनो फाल्नु ५७. हलिया ५८. वालीघरे ५९. घरायसी तथा खेतीका कार्य विना ज्याला गर्न ६०. थोरै ज्याला अथवा विना ज्याला काम गर्नु ६१. भेडा चराउने ६२. डोला बोक्नु ६३. बेश्यावृत्ति/यौन व्यवसाय ।

### ६. हेप्नु/आधिपत्य जमाउनु

६४. जदौ गर्नु ६५. भाग्य वा बिष्ट वा महाजनलाई आदर गर्नु ६६. यात्रा गर्दा दमाई देखेमा शुभ साइत हुने र कामी देखेमा अशुभ हुने ६७. बाटो अथवा गोरेटोमुनि हिड्नु ६८. दलित फोहोरी जात हुन् भन्ने विचार गर्नु ६९. नव-विवाहित जोडी गाउँले नेताका घरमा आर्शिवाद लिन जानु ७०. अपशब्द/भाषा प्रयोग ७१. असाक्षर र गरिबीका कारण वास्ता नगर्नु ७२.बिष्ट वा भाग्य वा महार्जनका स-साना केटाकेटीलाई सम्मानित ।

**७. शब्दको प्रयोगमा विभेद**

७३. बिष्टका बालवालिकाले दलितलाई तँ भनेर सम्वोधन गर्नु ७४. यदि दलितले माटाका भाँडा छोएमा दस्तुर तिर्नु ७५. यदि भाँडा छोएमा ७६. यदि दलितले छोएमा पवित्र जलले छर्कनु ७७. अरुलाई गाली गर्दा दलितका वाक्यांशको प्रयोग ७८. भर्खर जन्मेका बच्चालाई दलितको नाम नामाकरण गर्नु ७९. गैरदलितले जे गरे पनि सहनु ८०. शंख बजाउनु ८१.यदि दलितले आफ्ना घरअघाडि तुलसीको बोट रोपेमा अशुभ मानिन्छ ८२. दलितलाई बिच्छुसँग तुलना गर्नु ८३. दलितप्रति घृणा ।

**८. अन्याय अत्याचार**

८४. हत्या/हिंसा, ८५. बलात्कार ८६. शारीरिक रुपमा घाइते/अपांग ८७. अपहरण ८८. पीडा, शारीरिक ८९. पीडा, मानसिक ९०. कुटपीट ९१. विध्वशं ९२. घर/खरको घर जलाउनु ९३. शहर वा गाउँबाट निर्वाचित गराउनु ९४. महिला विरुद्ध अहिंसा ९५. यौन व्यवसाय ९६. बेचबिखन ९७. झुटो आरोप ९८. झुटो जरिवाना ९९. जवरजस्ती गर्भपतन गर्न लगाउनु १००. यौन शोषण १०१.हत्याको प्रवृत्ति १०२. अन्तरजातीय विवाह तोड्नु वा सम्बन्ध विच्छेद १०३. मौखिक शोषण

**९. सामाजिक बहिष्कार**

१०४. यदि परम्परागत पेशा कायम नगरिएमा, १०५. यदि अन्तरजातीय वैवाहिक सम्बन्धलाई प्रवेश १०६. यदि परम्परागत मूल्य र मान्यता विरुद्ध विद्रोह गरेर ।

**१०. प्रवृत्तीय छुवाछूत**

१०७. अस्तित्व अस्वीकार १०८. राम्रो नोकरी दिनलाई अस्वीकार १०९.दलितमा योग्यताको अभाव रहेको विश्वास ११०. दलितमा क्षमताको अभाव रहेको विश्वास १११. दलितलाई अभिवादन जस्तैः नमस्ते नगर्नका लागि शिक्षकको जागिर दिन अस्वीकार ११२. जातीय असमानता भएमा कारणले शिक्षकको जागिर दिन अस्वीकार ११३. यदि दलितलाई दूध अथवा दूधबाट बनेका पदार्थ दिएमा गाई बस्तु मर्छन् भन्ने विश्वास रहेको छ ११४. दमाईको थुक शुद्ध हुने र कामीले गाई पालन गरेमा अशुद्ध हुने विश्वास छ ११५. यदि दलितको छायाँमा कोही आएमा अशुद्ध हुने विश्वास छ ११६. यदि दलितलाई ऋण दिइयो भने कहिल्यै फिर्ता हुँदैन भन्ने विश्वास ११७. सरकारी कार्यालयमा दलितद्वारा प्रदान गरिने खाद्य पदार्थ खान अस्वीकार गर्नका निम्ति पियनको जागिर नदिनु, यदि केही गरेर तिनीहरुले उक्त जागिर पाएमा खाद्य पदार्थ ल्याउने/लाने जिम्मेवारी तिनीहरुलाई दिइदैन ११८. यदि दलितलाई निर्वाचनको टिकट दिइएमा पार्टीले भोट पाउँदैन भन्ने विश्वास ११९. यदि दलितलाई आदर गरेमा आफूलाई समाजले तल्लो नजरले हेर्ने विश्वास १२०. यदि दलितलाई स्वास्थ्य सेवा दिएमा अन्य मानिस उक्त स्वास्थ्य केन्द्रमा नजाने विश्वास छ १२१. यदि दलितले कार्यालयमा काम गरेमा अन्य मानिस नजाने विश्वास गरिन्छ १२२. राजनीति बाहुन क्षेत्रीले मात्र गर्नुपर्छ भन्ने विश्वास छ १२३. दलितले चोर्छन् भन्ने विश्वास छ १२४. दलित पुरुषले गैरदलित महिलालाई फसाउँछन् भन्ने विश्वास ।

**११. पेशागत विभेद**

१२५. परम्परागत जातीय पेशा, १२६. पेशागत परिवर्तन १२७. तालिम १३०. मूल्य १३१. भाग्य/बिष्ट/महाजन/प्रणाली १३२. भाग्य/बिष्ट/महाजनसँग हिड्दा झोला अथवा सामान बोक्नु १३३. बालीघरे अथवा खलो प्रथा १३४. हलिया प्रथा १३५. दलित महिलालाई उच्च जातका लागि आदेशात्मक कार्य दिइनु १३६. फोहोर मैला डुमद्वारा संकलन १३७. सार्कीले मृत जनावर फ्याँक्नु १३८. दमाईले डोला बोक्नु १३९. वादी महिलाद्वारा यौन व्यवसाय १४०. सुडेनीको काम गर्नु १४१. व्यवसायिक स्कूल खोल्नु १४२. दलितद्वारा होटल/रेष्टुरेण्ट खोलिनु ।

**१२. शैक्षिक संस्थानमा विभेद**

१४३.कार्यकारी समितिमा राख्न अस्वीकार १४४. शैक्षिक पेशामा निरुत्साही पार्नु १४५. स्कूलमा प्रवेशका लागि निरुत्साहित गर्नु १४६. जागिरमा अस्वीकार १४७. अपर्याप्त छात्रवृत्ति १४८. छात्रवृत्तिमा अनियमितता १४९. स्कूलको

खेलकुदमा अनियमितता १५०. स्कूलमा पोषणयुक्त खाना खाने बेलामा छुट्याउनु १५१. स्कूलमा पानी पिउने भाँडा छुन निषेध १५२. सरस्वती पूजामा सहभागी हुन अनुमति नदिनु १५३. गैरदलित शिक्षकले दलित विद्यार्थीलाई पिउने पानी ल्याउनका लागि नसोध्नु ।

### १३. राजनीतिक क्षेत्रमा विभेद

१५४. उच्च तहको राजनीतिक ओहदामा प्रतिनिधित्व गर्नका लागि निरुत्साही गर्नु १५५. उच्च तहको राजनीतिक पार्टीका ओहदामा प्रतिनिधित्व गर्नलाई निरुत्साही गर्नु १५६. दलित महिलालाई राजनीतिमा सहभागी हुन निरुत्साही गर्नु १५७. उम्मेदवार हुन निरुत्साही गर्नु १५८. सकारात्मक विभेद अथवा विशेष व्यवस्थाबाट फाइदा लिनबाट बञ्चित गर्नु १५९. प्रहरी हिरासतमा यातना १६०.दलित विरुद्ध झुटा आरोप लगाउनु १६१. दलितलाई बढी सजाय दिनु १६२. पुरस्कार र सम्मान लिनबाट दलितलाई निरुत्साही गर्नु १६३. दलितलाई भोट बैंकको रुपमा दुरुपयोग गर्नु ।

### १४. सरकारी नीति तथा कार्यक्रम र बजेटमा विभेद

१६४. दीर्घकालीन र अल्पकालीन योजना नीति र कार्यक्रममा दलितलाई प्राथमिकता नदिनु १६५. नवौं योजनामा उल्लेखित दलित विकासका कार्यक्रम कार्यान्वयन नगर्नु १६६. दलित परिभाषाको अभाव र तिनीहरुको सूची नेपालको राजपत्राङ्कमा उल्लेखित नहुनु १६७. सकारात्मक विभेदको कार्यान्वयन नगरिनु १६८. दलित विधेयकलाई प्रतिनिधि सभामा प्रस्तुत नगराउनु १६९. दलितका लागि न्यून बजेट १७०. दलितलाई विकासका कार्यक्रममा सहभागी हुन प्रोत्साहित गर्नु, जस्तै पिउने पानी, हेल्थ पोष्ट, स्कूल, बिजुली बत्ती, खाद्यान्न वितरण । तर, यसको उपभोग गर्नबाट तिनीहरुलाई निरुत्साहित गर्नु  १७१. दलित महिलालाई कार्यक्रममा सहभागीताका लागि निरुत्साही गर्नु जस्तै : जागृति कार्यक्रम १७२. दलितलाई बैकबाट ऋण लिनका लागि निरुत्साही गर्नु १७३. नीति तथा कार्यक्रम तर्जुमा गर्दा दलितलाई संलग्न नगराउनु ।

### १५. सरकारी र गैरसरकारी कार्यालयमा विभेद

१७४. सैनिक र प्रहरीमा भर्ना गर्नबाट दलितलाई निरुत्साही गर्नु १७५. मिडियाले दलितसँग सम्बन्धित समाचार र कार्यक्रम कम प्रसारण गर्नु १७६. रोजगारीमा निरुत्साही गर्नु १७७. धर्म परिवर्तन गर्न प्रतिवन्ध १७८. कार्यालयमा दलितलाई प्रवेश गर्न निरुत्साही गर्नु १७९. पकाउने अथवा खाद्य पदार्थ र पेय पदार्थ वितरण गर्नेसँग सम्बन्धित कार्य गर्न दलितलाई संलग्न नगराउनु १८०. कार्यालय र प्रहरी पोष्टमा दलितको शोषण १८१. दलितका समस्यावारे कार्यालय तथा प्रहरी पोष्टमा सुनुवाई नहुनु १८२. सरकारी कार्यक्रममा दलितलाई सहभागी गराउन निरुत्साही गर्नु १८३.गैरसरकारी संस्थाका कार्यक्रममा दलितलाई सहभागी हुनबाट निरुत्साही गर्नु १८४. दलितका लागि छुट्याइएका कोष निकासा नगर्नु र दलित संगठन आफैं पनि उक्त कोष निकासाका लागि नजानु ।

### १६. दातृ निकायका विकास कार्यक्रममा विभेद

१८५. न्यून अथवा अपर्याप्त बजेट  १८६.दलितलाईविकासका कार्यक्रममा सहभागी हुनका लागि प्रोत्साहित गर्नु, जस्तै पिउने पानी, हेल्थ पोष्ट स्कूल, बिजुली बत्ती, खाद्यान्न वितरण तर, यसको उपभोग गर्नबाट तिनीहरुलाई निरुत्साहित गर्नु १८७. महिला विकासका कार्यक्रममा दलित महिलालाई सहभागी हुन निरुत्साही गर्नु १८८. नीति तथा कार्यक्रम तर्जुमा गर्दा दलितलाई संलग्न नगराउनु १८९. केन्द्रका नीति स्थानीय तहमा कार्यान्वयन नगर्नु १९०. दलित कर्मचारीलाई प्रवर्द्धन गर्नका लागि प्रोत्साहन नगर्नु १९१. रोजगारमा प्राथमिकता नदिनु १९२. सकारात्मक विभेदको पर्याप्त व्यवस्था नहुनु १९३. नीतिको स्पष्टता र प्राथमिकिकरण नहुनु १९४. दलित सवाललाई प्राथमिकता नदिइनु १९५. सकेसम्म रोजगारदाताले दलितलाई रोजगार नदिनु, यदि तिनीहरुले पाइहाले पनि प्रोत्साहन नगर्नु १९६. दलितले दिएका प्रस्तावनालाई प्राथमिकता नदिनु १९७. दलितलाई माग्ने भाँडोको रुपमा दुरुपयोग गर्नु ।

### १७. धार्मिक तथा सांस्कृतिक क्षेत्रमा विभेद


१९८. हिन्दू भएता पनि हिन्दू धर्म र मान्यता अबलम्वन गर्न कठिनाई १९९. यदि तिनीहरुले अन्य धर्म अवलम्वन गरे पनि हिन्दू धर्मको प्रभावका कारण फरक व्यवहार गरिनु २००. मन्दिरमा पूजारीले फलफूल र अक्षता ग्रहण नगर्नु २०१. सामाजिक संरचनामा हिन्दू धर्मको आधिपत्य हुनु २०२. विभेदित हिन्दू मूल्य र मान्यताको निरन्तरता २०३. धार्मिक अन्धविश्वासको निर्मूलीकरणका लागि धार्मिक समूह सरकारी तथा गैरसरकारी निकायले कुनै प्रयास नगर्नु २०४. दलितको सांस्कृतिक पहिचानलाई धमिल्याउनु २०५. राज्यले सम्वर्द्धन नगरेका कारण दलितको वास्तविक संस्कृति लोप हुँदै जानु ।

उक्त २०५ वटा समस्याहरु कतिपय आधुनिक स्वरुपमा कायमै छन् भने कतिपय समाप्त भइरहेका छन् । उक्त समस्याहरुलाई राजनीतिक रुपबाट संबोधन हुने गरी नेपाली दलित समस्यालाई निम्न तीन आधारमा विश्लेषण गर्न सकिन्छ :

**क. राजनीतिक क्षेत्र** : राजनीतिक दल तथा तिनको सहभागितामा नीति बन्ने संसदीय क्षेत्र र बनेको नीति लागू गर्ने कार्यपालिका र प्रशासनिक थलोमा कानुनी रुपमा राजनीतिक प्रणाली नहुनु ।

**ख. आर्थिक क्षेत्र** : भूमिहिनता, बेरोजगारी र सामन्ती शोषणमुलक कुप्रथाहरुको जीवितता ।

**ग. सामाजिक/सांस्कृतिक क्षेत्र** : जातीय छुवाछूत, भेदभाव, दण्डहिनता वा शिक्षाबाट बंचितीकरण ।




**नेपाली दलित मुक्ति आन्दोलनको समीक्षा**

वितेका करिब ७ दशकबीच नेपाल तीन वटा ठूला राजनीतिक परिवर्तनबाट गुज्रियो । २००७ सालको संघर्षले राणा शासन त समाप्त गर्‍यो तर त्यसको सामाजिक आर्थिक आधारको रुपमा रहेको सामन्ती संरचना बदल्न सकेन । यसले सहर-बजारमा केही मात्रामा खुकुलोपन ल्याएपनि दलितहरुको मुक्तिका निम्ति आधारभूत रुपमा खासै कदम चाल्न सकेन । दोस्रो ठूलो परिवर्तन २०४६ सालको जन-आन्दोलनले निरङ्कुश राजतन्त्रात्मक पञ्चायती प्रणालीलाई अन्त्य गरी संवैधानिक राजतन्त्र सहितको बहुदलीय प्रणालीको स्थापना गर्‍यो । तर २०४६ को परिवर्तनले समाजको अर्थ राजनीतिक रुपान्तरणलाई एजेण्डा नै बनाउन सकेन । २०४७ सालको संविधानले दलितहरुमाथि जातिपातिको आधारमा भेदभाव गर्न नपाइने संवैधानिक व्यवस्था त गर्‍यो, तर 'हिन्दू अधिराज्य'को व्यवस्था भने कायमै राख्यो । राजनीतिक स्वतन्त्रतालाई मात्र ठूलो ठानेर पुरानै सामाजिक आर्थिक नीति कायम राखेर पुरानै संरचनामाथि निर्भर रहेर नयाँ समाज निर्माण गर्न संभव थिएन । आर्थिक उत्पादन सम्बन्धमा आधारभूत परिवर्तन नभएकाले ०४६ पछि पनि करिब ५० लाखको सङ्ख्यामा रहेका दलितको जीवनमा आधारभूत परिवर्तन आउन सकेन । तेस्रो ठूलो ऐतिहासिक जनक्रान्ति २०६२/६३ को परिवर्तनले नेपाली जनताको करिव सात दशक लामो प्रतिक्षापूर्ण सम्झौताहिन संघर्ष पश्चात दोश्रो संविधानसभा मार्फत संविधान जारी भएको छ । यसकै बीचबाट मुलुक छुवाछूतमुक्त राष्ट्र, जातीय छुवाछूत तथा भेदभाव कसुर तथा सजाय ऐन २०६८ जारी भयो भने यसको अनुगमन गर्न दलित आयोगको गठन भयो । प्रधानमंत्रीको अगुवाईमा राष्ट्रिय संरचना निर्माण भयो र यसको गाविससम्म संरचना निर्माण भयो । हलिया, वादीलगायतका समुदायको मुक्तिको घोषणा काम भयो । ऐतिहासिक जनआन्दोलन २०६२/६३ ले दलित समुदायलाई परिवर्तनको हिस्सेदार बनाउँदै समानुपातिक निर्वाचन प्रणाली मार्फत झण्डै १०० जनाको संख्यामा दलितहरु सभासद र एक दर्जनको संख्यामा मंत्री, कुटनीतिज्ञ, प्रमुख जिल्ला अधिकारी, स्थानीय विकास अधिकारी, प्रहरी प्रमुख, न्यायाधिश लगायत हुन पुगे । सात दशक लामो नेपालको दलित आन्दोलनले दर्जनौं ओराली उकाली पार गरेर आजको अवस्थामा आइपुगेको छ । आज हामी सात दशकको संघर्षको प्रतिफल तथा यस बीचमा भएका आर्थिक सामाजिक सन्नीकट चेतनाको संयोजनले गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, समावेशीताको झयालबाट भविष्यमा सुन्दर, शान्त र प्रगतिशील नव नेपाल सहजै देख्न सकिने परिस्थितिमा छौं ।

## RDN नेपालको संस्थागत परिचय :

राष्ट्रिय दलित नेटवर्क (RDN) नेपाल दलित राजनीतिमा विश्वास गर्ने कार्यरत अधिकारमुखी दलित संस्थाहरु, राजनैतिक पार्टीहरुका जनवर्गीय संगठनहरु तथा स्वतन्त्र दलित एक्टीभिष्टहरुको साझा नेटवर्क हो । RDN नेपाल सुदूरपश्चिम र मध्यपश्चिमको जर्जर जातीय छुवाछूत र विभेदका विरुद्ध अधिकारमुखी अभियान संचालन गर्न २०५७ सालमा गठन भएको थियो । यो अधिकारमुखी दलित एक्टीभिष्टमा आधारित मानव अधिकारवादी सामाजिक संस्थाका रुपमा कार्यरत रहँदै जाँदा २०६० सालमा औपचारिक रुपमा जिल्ला प्रशासन कार्यालय कैलालीमा दर्ता भई त्यही साल समाज कल्याण परिषदमा आवद्ध भयो । यसका अलवा RDN नेपाल राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरमा नेटवर्क/मंच आदिसँगको सम्बन्धमा पुग्यो । RDN नेपालले नेपालमा पहिलो पटक दलित संसदको अवधारणा अघि सारी सरकारलाई आरक्षण सम्बन्धी पहिलो बैकल्पिक प्रतिवेदन पेश गर्‍यो । हलियाहरुको मुद्दा राष्ट्रिय तथा अन्तर्राष्ट्रियकरण गर्न आंशिक भए पनि सफलता हाँसिल गर्‍यो । RDN नेपालको कार्यशैली, अधिकारमुखी पद्धति, Dalit Activist Based प्रकृया दलित महिलाहरुको सहभागिता, गैरदलित समुदायको ऐक्यवद्धता मानव अधिकारको आन्दोलन, राजनैतिक आन्दोलन प्रतिको दृष्टिकोण र २०६३ सम्म आइपुग्दा लोकतान्त्रिक जन आन्दोलनमा खेलेको भूमिकाको व्यापकतालाई आत्मसात गर्दै क्षेत्रीय दलित नेटवर्कको नाम संशोधन भई मिति २०६३/१/३१ गतेदेखि राष्ट्रिय दलित नेटवर्क (Rastriya Dalit Network-RDN) नेपाल दलित जनसंगठनको रुपमा परिवर्तन गरियो । हाल RDN नेपाल देशका ७५ वटै जिल्लामा सम्पर्क व्यक्ति समेतको व्यवस्था सहित ५० वटा जिल्लामा यसका शाखाहरु स्थापित छन् । काठमाडौंमा केन्द्रीय सम्पर्क कार्यालयको स्थापना गरिएको छ । RDN नेपालको मातहतमा रहने गरी हलिया अधिकार मंच, दलित विद्यार्थी नेटवर्क, दलित महिला परिषद र दलित जनप्रतिनीधि मंचहरु संगठनका रुपमा क्रियाशिल छन् र तीनका अध्यक्षहरु RDN नेपालको वोर्डमा पदेन सदस्यका हैसियतले कार्यरत छन् । दलित अधिकारमुखी मानवअधिकारकर्मी, पत्रकार, कानून व्यवसायी, प्राध्यापक र दलित अधिकारकर्मीहरुको ७ सदस्यीय एक दलित ऐक्यवद्धता समूह अर्थात सल्लाहकार समिति छ । साथै राष्ट्रिय भुमि अधिकार सरोकार समुह, राष्ट्रिय भूमि अधिकार मंच, मानव अधिकार एलाइन्स, दक्षिण एशिया केन्द्र, गैसस महासंघ, राष्टिय मानवअधिकार महाभेला, गैसस महासंघ, गरिवी विरुद्ध दक्षिण एशियाली मंच, दलित गैसस महासंघ, एशियाली दलित अधिकार मंच, खाद्य अधिकार नेटवर्क, वातावरणीय न्याय मंच, प्राकृतिक स्रोत अधिकार अभियानलगायत राष्ट्रिय तथा अन्तराष्टिय स्तरका एलायन्सहरुसंग यसको बलियो सम्बन्ध रहेको छ ।

### RDN नेपालको परिकल्पना (Vision) :

जातीय छुवाछूत तथा सबैप्रकारका विभेद रहित न्यायपूर्ण समाजको स्थापना ।

### RDN नेपालको ध्येय (Mission) :

दलितअधिकारमा कार्यरत जनसंगठन जसलाई स्कूल अफ दलित एक्टिभिष्टको रुपमा स्थापित गर्दै मानवअधिकारमुखी एप्रोचका आधारमा दलितहरुको पहिचान, प्रतिनीधित्व र पहुँच सहित राजनीतिक, आर्थिक र सामाजिक अधिकार कायम गर्ने ।

### RDN नेपालको लक्ष्य (Goal)

१. दलित समुदायले गर्ने मुफ्त वा निम्न ज्यालायुक्त श्रम हरेक हिसाबले प्रतिवन्धित/दण्डित हुन्छ अनि मानव श्रमको न्यायोचित मूल्य दिने-दिनै पर्ने उत्पादन प्रणाली र राजनीति स्थापित गर्नु ।
२. मानवश्रम र श्रमिकवर्ग समाजमा अत्यधिक आदरणीय हुने र काम नगर्ने मानिस र काम गर्ने मानिसलाई "अछुत" ठान्ने मानिस चाहिँ अपहेलित र दण्डित हुने श्रम र श्रमिकप्रधान संस्कृति र राजनीति समाजमा स्थापित गर्नु ।
३. जोतिरहेको जमीनमा र उत्पादनका अन्य साधनस्रोत र सम्पत्तिमा, शिक्षा र विकासका तमाम अवसरमा काम गर्ने श्रमिकको न्यायोचित हिस्सेदारी कानुनतः र व्यवहारतः सुनिश्चित गर्नु ।
४. शासन गर्ने, कानुन बनाउने र नीति निर्णय गर्ने हरेक ठाउँमा उत्पीडित दलितहरु, तमाम श्रमिकहरु सही अनुपातमा पुग्ने व्यवहारिक स्थिति बनाउनु ।

### RDN नेपालका मूल्य र मान्यताहरु (Values) :


**<u>RIGHTS :</u>**

**R :- Respect** (मानव मर्यादा)
**I :- Integrity** (निष्ठा, इमान्दारीता)
**G :- Governance** (सुशासन)
**H :- Human Rights** (मानवता)
**T :- Transparency** (पारदर्शिता)
**S :- Solidarity** (ऐक्यवद्धता)

**RDN नेपालका उद्देश्यहरु (Objectives) :**

१) दलितहरुको पहिचान, प्रतिनीधित्व र पहुँच सहित राजनीतिक, आर्थिक र सामाजिक अधिकारहरु स्थापित गर्नु ।
२) समावेशी र समृद्ध दलितमैत्री राष्ट्र निर्माणको लागि दलितअधिकार दशक घोषणा गरी इण्डीकेटर सहित जिविकोपार्जन सहित योजनाबद्ध योजना निर्माणमा जोड दिनु ।
३) नयाँ संविधान अनुसार दलितअधिकार संरचनाहरुलाई उत्तरदायी, पारदर्शी, जवाफदेही बनाउन भूमिका निर्वाह गर्नु ।
४) आवधिक वैज्ञानिक आरक्षणका लागि राज्यका सार्वजनिक सेवाका क्षेत्रहरुको लोकतान्त्रिककरणका लागि सहजीकरणका लागि राष्ट्रव्यापी अभियान सञ्चालन गर्नु ।
५) दलितअधिकारको व्यवहारिक कार्यान्वयनका लागि स्थानीय, राष्ट्रिय र अन्तराष्ट्रिय तहमा हस्तक्षेपकारी भूमिका निर्वाह गर्नु ।

**RDN नेपालको कार्यक्षेत्रको अवस**



## RDN नेपालको हालसम्मको अभियान विश्लेषण :

RDN नेपालको स्थापना दलित आन्दोलनमा विद्यमान ४ थरि प्रवृतिहरु एक जनवर्गीय राजनीतिक संगठन, दूई स्वतन्त्र दलित जनसंगठनहरु, तीन दलित गैससहरु र चार स्वतन्त्र दलित एक्टीभिष्टहरुको सहकार्यमा साझा आन्दोलन उठान गर्ने उद्देश्यले भएको हो । यही उद्देश्य र लक्ष्यका साथ RDN नेपालले स्थापनाकालमा एक्सन एड नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा सुदूर तथा मध्यपश्चिममा मन्दिर प्रवेश अभियान मार्फत दलित अधिकार आन्दोलनलाई मूल वहसको विषय बनाउने काम गऱ्यो जुन निकै सफल भयो । यस अभियानले एकातिर घर घरमा व्यक्ति व्यक्तिमा वहस शुरु भयो भने अर्कातिर दलितहरु आफ्नो प्रतिरक्षाका लागि संगठन निर्माणको काम तिब्र हुन पुग्यो । नेपाल सरकारको छुवाछूतमुक्त राष्ट्र घोषणाको व्यवहारिक कार्यान्वयनको प्रक्रिया अन्तरगत ३५ वटा मन्दिर प्रवेश गर्ने काम सम्पन्न भयो जुन एउटै संगठनको नेतृत्वमा ३५ वटा मन्दिर प्रवेश गर्नु नेपालकै दलित आन्दोलनको पहिलो हुन पुग्यो । यस अभियानसँगै होटल प्रवेश, राँगा वहिष्कार, पेशा वहिष्कार लगायतका अभियानहरु संचालन गरिए । दलित सवाललाई गाउँ केन्द्रीत गर्न जनमुखी शिक्षा मार्फत हलिया अधिकार अभियान, दलित विद्यार्थी अभियान, दलित महिला अधिकार अभियान, दलित जनप्रतिनिधिहरुको क्षमता अभिवृद्धि अभियान संचालन भए । वैकल्पिक गाउँ परिषद, नगर परिषद, जिल्ला परिषद र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्व राख्ने दलित संसद (Dalit Parliament) को शुरुवात नेपालकै अर्को ऐतिहाँसिक कामको थालनी गरियो । दलितहरुको राजनीतिक, आर्थिक र सामाजिक/सांस्कृतिक अधिकारको सुनिश्चित गर्न सरकारलाई सुझाव स्वरुप आरक्षण सम्बन्धी वैकल्पिक प्रतिवेदन र संविधानसभा पश्चात दलितहरुका लागि बन्नुपर्ने संवैधानिक आरक्षण सहितको संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको वैकल्पिक संविधान समेत पहिलो पटक निर्माण गर्ने काम भयो जुन ग्रामिणदेखि केन्द्रीय तहसम्मको सहभागिता दलित संसदबाट पारित गरिएको थियो । जातीय छुवाछूत र विभेद जन्य घटनाहरुको कानूनी उपचारको लागि कानूनी सहयोग पुऱ्याउनका साथै यसलाई व्यापक वहसमा लैजानका लागि छुवाछूत अपराध निगरानी केन्द्र (UCWC) को गठन भएको छ । यसका साथै कार्यक्षेत्रको हलिया सवालले राष्ट्रिय स्वरुप ग्रहण गरेको छ भने कार्यक्षेत्रका विभिन्न सवालमा दुई दर्जन पुस्तक प्रकाशन भएका छन् ।

RDN नेपाल अहिले मानवअधिकार आन्दोलन र सामाजिक तथा नागरिक आन्दोलनको एक अभिन्न संगठनको रुपमा परिचित भएको छ । दलित आन्दोलनको सैद्धान्तिक तथा वैचारिक एकता र सहकार्यका लागि दलितहरुको राष्ट्रिय राजनीतिक सम्मेलन, दलितहरुको आन्तरिक विभेद र निरुपणको प्रश्न, साझा दलित आन्दोलनको सैद्धान्तिक पक्ष तथा छुवाछूत मुक्त राष्ट्र घोषणा र कार्यान्वयन पक्षबारे राष्ट्रिय स्तरको वहस गर्न सफलता हाँसिल गरेको छ भने ऐतिहाँसिक जनआन्दोलन २०६२/६३ मा लोकतन्त्र र शान्तिका लागि नागरिक आन्दोलन तथा मानवअधिकारवादी संगठनका हिसावले कामहरु सम्पन्न गरेको छ । हालसम्मको RDN नेपालको कार्यक्रम तथा उपलब्धी हेर्दा दलित आन्दोलन मात्र होइन सिंगो राजनीतिक आन्दोलनमा स्थानीयदेखि राष्ट्रिय वहस श्रृजना गर्न सफल भएको देखिन्छ । RDN नेपालको कार्यक्रमिक कार्यपद्धति हेर्दा लागत प्रभावकारिता सबैभन्दा प्रभावकारी भएको विभिन्न पटकका आन्तरिक र वाह्य समीक्षकहरुको समीक्षा प्रतिवेदनले देखाएको छ । हालसम्म भएका उपलब्धीको रक्षा गर्दै नयाँ परिस्थिति र चुनौतिहरुको सामना गर्दै अघि बढ्न सके RDN नेपाल इतिहाँसको अर्थपूर्ण जनसंगठन अर्थात स्कूल अफ दलित एक्टिभिष्टको परिचय दिन सफल हुने कुरामा दुईमत हुन सक्दैन ।

## रणनीति पत्रको रणनीतिक उद्देश्य :

(१) RDN नेपालको नेतृत्वमा संचालित हालसम्मको अभियानको समीक्षा गरी आगामी ५ वर्षको रणनीति तयार गर्नु ।

(२) दलितहरुको आर्थिक, राजनीतिक तथा सामाजिक/सांस्कृतिक समस्याको संबोधन गर्न RDN नेपाल संचालन गर्ने अभियानको रुपरेखा तयार गर्नु ।

(३) RDN नेपालको SWOT Analysis गरी यसलाई एक जनसंगठनको माध्यमद्वारा अभियान संचालन गर्नु ।

(४) RDN नेपालको स्थापनादेखि हालसम्मको अभियानको समीक्षा गर्दै यसलाई दलित अधिकार दशकका लागि Solidarity Movement सँग मूल प्रवाहीकरण गर्नु ।

(५) नेपालको दलित मुक्ति आन्दोलनको दीर्घकालिन रणनीतिको आधार तयार गर्नु ।

**विगतको दीर्घकालिन रणनीतिको समीक्षा :**

राष्ट्रिय दलित नेटवर्क (RDN) नेपालको स्थापनादेखि हालसम्मको उपलब्धीको रक्षा गर्दै अगाडि देखा परेका चुनौतिहरुलाई अवसरमा बदल्नका लागि योजनाबद्ध रणनीतिको आवश्यकता मध्यनजर गरी दलित अधिकार दशक निर्माण गरिएको थियो । सो रणनीति पत्र तयार गर्दा तत्कालिन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिको विश्लेषण, राष्ट्रिय तथा स्थानीय दलित आन्दोलनका दस्तावेजहरुको विश्लेषण, परिवर्तित राजनीतिक परिस्थितिको विश्लेषण, RDN नेपालका हालसम्मका क्रियाकलापहरुको SWOT विश्लेषण, कार्यक्षेत्रको स्थलगत अवस्था विश्लेषण, सहभागितामूलक छलफल, सरकारी तथा गैरसरकारी क्षेत्रका सूचना तथा तथ्याङ्क विश्लेषणका आधारमा तयार पारिएको हो । सन् २००८ देखि २०१३ सम्म ५ बर्षको वस्तुनिष्ठ विश्लेषण गर्दै यसका सिकाईका आधारमा रणनीति पत्र निर्माण गरिएको थियो ।  त्यसपछि संविधान निर्माण प्रक्रियामा सिंगो आन्दोलन केन्द्रीत हुनु पर्ने भएकोले २०१३ देखि २०१५ सम्मको लागि राष्ट्रिय दलित नेटवर्कको तीन वर्षे अन्तरिम दीर्घकालिन योजना पत्र निर्माण गरी लागू गरिएको थियो । गत २०७२ असोज ३ गते नेपालको संविधान जारी भएपछि मुलुकको दलित मुक्ति आन्दोलनका कतिपय मुद्दाहरु पूर्ण रुपमा संवोधन भए भने कतिपय मुद्दाहरुको नयाँ ढंगले संबोधन गर्नुपर्ने नौलो परिस्थितिको निर्माण भयो । विशेष गरी नेपालको संविधान जारी भएपछिको अवस्था, नेपाली समाजको चरित्रमा आएको फेरबदल र दीर्घकालिन विकास लक्ष २०३० लागू भएपछि २०१६ देखि २०२० सम्मको अवधिलाई ५ वर्षे रणनीतिक योजना पत्र निर्माण गरिएको छ । सन् २०१३ पश्चात विगत ५ वर्षको समीक्षा गर्दै २०१८ सम्मको रणनीति पत्र बनाउँदा संस्थाको आन्तरिक स्रोतको परिचालन गरिएको हो । RDN नेपालको केन्द्रीय समिति, स्थानीय समिति तथा दलित एक्टीभिष्ट र दलित ऐक्यवद्धता समूहका सदस्यहरुबीच व्यापक छलफल गर्दै पश्चात अन्तिम रुप दिइएको हो ।

**रणनीति पत्रको रणनीतिक लक्ष :**

- मानव श्रमको मान्यता दिने प्रणाली
- श्रमिक प्रधान संस्कृति
- जमिनमा जोत्नेको हिस्सेदारी
- समानुपातिक राजनीतिक प्रतिनीधित्व प्रणाली
- दलित अधिकार दशक घोषणा ।
- संघीयताको व्यवहारिक दलित यात्रा ।
- समावेशी अर्थतन्त्रको निर्माण ।

**आन्दोलनका सरोकारवाला विश्लेषण :**

- प्रधानमंत्रीको कार्यालय तथा उच्चस्तरीय संयन्त्र
- राष्ट्रिय दलित आयोग तथा अन्य आयोगहरु
- दलित विकास समिति
- वादी विकास बोर्ड
- सरोकारवाला मंत्रालयहरु
- गैसस महासंघ तथा दलित गैसस महासंघ
- संचार क्षेत्रका संरचना तथा संस्थाहरु
- अन्तराष्ट्रिय दातृनिकाय तथा अन्य संस्थाहरु
- राजनीतिक दलहरु तथा दलित भातृ संगठनहरु
- विभिन्न नेटवर्क तथा महासंघहरु
- विभिन्न सामाजिक आन्दोलनहरु

**दीर्घकालिन रणनीति योजना पत्र २०१६-२०२० :**

दलित एक्टीभिष्टमा आधारित एउटा अधिकारमुखी अभियान संचालन गर्दै आएको जनसंगठनका लागि यसको योजनाबद्ध दीर्घकालिन रणनीति अनिवार्य हुने गर्दछ । जसलाई संगठनको मार्ग चित्र (Road map) समेत नामाकरण गर्न सकिन्छ । राष्ट्रिय दलित नेटवर्क (RDN) नेपालले २०६३ मा सम्पन्न दलित संसद मार्फत २०६४-२०७४ लाई दलित अधिकार दशक (Dalit Rights Decade) का रुपमा मनाउने निर्णय गरेको थियो जुन चालु रहेको छ ।

यसको पक्षमा राष्टव्यापी जनमत सृजन ागर्न मेची महाकाली दलितअधिकार यात्रा सम्पन्न गरेको छ । RDN नेपालको हालसम्मको अभियानको समीक्षात्मक विश्लेषण र सिकाई तथा वर्तमान परिस्थितिको विश्लेषणका आधारमा निम्नानुसार काम गर्ने रणनीति तय गरिएको छ ।

**रणनीतिक कामका क्षेत्रहरु :**

- दलित अधिकार
- भूमिअधिकार
- प्राकृतिक स्रोत अधिकार तथा वाताबरणीय न्याय
- खाद्य अधिकार
- मानवअधिकार

**रणनीतिक कार्यक्रमहरु :**

**नीगित अनुसन्धान, समीक्षा तथा वकालत**

- दलित समुदायको परम्परागत पेशाको आधुनिकीकरणको संभाव्यता अध्ययन गर्ने
- दलित सम्बन्धी सरकारी संरचनाहरुको नीति विश्लेषण तथा समीक्षा गर्ने
- नेपालको संविधानमा सुनिश्चित भएका अधिकारहरुको कार्यान्वयनका लागि नीतिगत वकालत (ऐक्यबद्धता संवाद) गर्ने ।
- दलित संसदको नियमित आयोजना गर्ने ।
- राजनीतिक सशक्तिकरण तथा नेतृत्व विकास सम्बन्धी प्रशिक्षण संचालन गर्ने ।
- दलित इन डेभलोमेण्ट सम्बन्धी अभिमुखीकरण गर्ने ।
- विभिन्न चरणका निर्वाचनहरुको प्रयवेक्षण गर्ने ।
- नियमित बजेट एडभोकसी गर्ने ।
- दिवस तथा समारोह मनाउने ।
- विभिन्न मानवअधिकार तथा दलित अधिकार हननका केस अध्ययन गरी सार्थक निश्कर्षमा पुराउन वकालत गर्ने ।

**कानूनी तथा नीतिगत सहयोग**

- नयाँ संविधान अनुसार नयाँ कानूनको वैकल्पिक डाफ्ट निर्माण गर्ने ।
- स्रोत तथा न्यायमा पहँचका लागि सहजीकरण गर्ने ।
- सार्वजनिक सेवा सुविधामा पहुंच अभिवृद्धिमा जोड दिने ।
- छुवाछूतमुक्त गाउपालिका तथा नगरपालिका र प्रदेश घोषणा अभियान ।

**संस्थागत विकास तथा क्षमता अभवृद्धि**

- **सं**गठन निर्माण, विस्तार तथा सुदृढीकरण
- सदस्यता विस्तार तथा विविधिकरण गर्ने ।
- आरडिएन नेपालको चातर्फि उपस्थितिको लागि पहल गर्ने ।
- व्यवसायिक तथा संक्षेम स्टाफ निर्माण गर्ने ।
- राष्ट्रियस्तरको दलित रिसोर्स सेन्टर स्थापना गर्ने ।
- हरेक वर्ष मानवअधिकारमा आधारित प्रणाली अनुसार कम्तिमा २५ जना दलित एक्टिभिष्टहरुका बीच स्कूल संचालन गर्ने ।
- संस्थाको अनुगमन तथा मूल्याँकन प्रणाली व्यवसिथत गरी लागू गर्ने ।

**कोलाबोरेशन, कोर्डिनेशन तथा नेटवर्किङ्ग**

- हालसम्म भएका नेटवर्क तथा लिंकेजमा अभिवृद्धि गर्ने ।
- विभिन्न नेटवर्कहरुमा बस्दाको फाइदा बेफाइदाको समीक्षा गर्ने ।
- अन्य सस्था तथा संजालहरुसंग भाइचारा सम्बन्ध विकास गर्ने ।
- नेपालबाट बैकल्पिक प्रतिवेदनहरु उत्पादनमा जोड दिने ।

**प्रकाशन तथा वितरण :**

- दलितहरुको अवस्था विश्लेषण सहितको नियमित दलित अधिकार वर्ष पुस्तक
- दलित समावेशी अडिट गरी नियमित बुलेटिन प्रकाशन गर्ने ।
- विभिन्न विषयका पुस्तकहरु प्रकाशन गर्ने ।
- अन्य सामाजिक संजालहरुको नेटवर्किंग गर्ने ।
- ज्ञान निर्माण गर्ने ।
- नियमित प्रेस विज्ञप्ति ।

**आर्थिक व्यवस्थापन तथा परिचालन :**

- मानवीय स्रोत विकास गर्ने
- निर्णय प्रक्रिया र आन्तरिक तथा बाह्य सूचना प्रणाली व्यवस्थित गर्ने
- बार्षिक योजना तथा बजेट निर्माण गर्ने ।
- कोष अभिवृद्धि तथा दीर्घकालिन योजनाको प्रारुप तयार गर्ने ।
- प्रशासनिक नियम, निर्देशीका तथा अन्य आवश्यक नियम निर्माण गर्ने ।
- नियमित सामाजिक लेखाजोखा गर्ने ।

## RDN नेपालका रणनीतिहरु (Strategy) :

दलित समुदायले पुस्तौदेखि सहदै आएको जातीय छुवाछूत जस्तो सामाजिक कलंकको अन्त्यका लागि दलित सवालमा कार्यरत अधिकारमुखी संघ/संस्था, जनसंगठनहरु र दलित एक्टीभिष्टहरु सहित शुभचिन्तक गैरदलित व्यक्तिहरु सहितको बीचमा बृहत नेटवर्क (संगठन) निर्माण गर्दै अघि बढ्नेछ । जसलाई सफल गर्न निम्न रणनीतिहरु अप्नाइने छ :

- जनकेन्द्रीत वकालत तथा मानवअधिकारमुखी अभियान ।
- संगठन निर्माण तथा परिचालन ।
- अध्ययन, अनुसन्धान, प्रकाशन तथा ज्ञान निर्माण
- सवालको सार्वजनिक वहस तथा संवाद ।
- स्वयंसेवी भावनाबाट प्रेरित दलित एक्टीभिष्ट उत्पादन ।
- भारतीयलगायत दलित आन्दोलनसँग सहकार्य गर्दै अघि बढ्ने ।
- Dalit Inclusion Audit द्धारा आरक्षणको नीति अघि बढाउने ।
- बहु साझेदारी क्षमता अभिवृद्धि गर्ने ।
- संचार माध्यमसंग साझेदारीको नीति अवलम्बन गर्ने ।
- मानवअधिकार अधिकारमुखी अभियान (HRBA) लाई मूल मन्त्र बनाउने ।
- सामाजिक लेखापरिक्षण (Social Audit) नीतिलाई अभियानका रुपमा अनिवार्य बनाउने
- स्थानीय स्रोत साधनको परिचालनमा जोड दिने ।

**संस्थागत विकास रणनीति :**

कुनै पनि अभियानको सफलता र विफलता सम्बन्धित संस्थाको संस्थागत विकासमा अडेको हुन्छ र तिनै सदस्यको क्षमतामा अभियान अडेको हुन्छ । त्यसैले अभियानको केन्द्रका रुपमा विकास गर्नका लागि RDN नेपालको ५ वर्षे संस्थागत विकास यसप्रकार गरिएको छ ।

**सांगठानिक क्षमता :**

संगठनात्मक क्षमता उसको सदस्यमा अडेको हुन्छ र तिनै सदस्यको क्षमतामा अभियान अडेको हुन्छ त्यसैले मूल स्रोत संगठनका एक्टिभिष्ट नै हुन भन्ने मान्यताका आधारमा RDN नेपालका सदस्य संख्या बृद्धि र विविधिकरणमा पहिलो प्राथमिकता दिइनेछ । ५ वटै विकास क्षेत्र र कर्णाली अंचलमा १/१ वटा स्रोतकेन्द्रको स्थापना गरिनेछ । सम्बन्धित

स्रोत केन्द्रका स्टाफ, कार्यसमिति सदस्यहरु र सहकार्य सदस्य संस्थाहरुको क्षमता विकासमा जोड दिइनेछ । केन्द्रीय कार्यालय र स्रोत केन्द्रहरुको व्यवस्थापनलाई प्रभावकारिता दिईनेछ ।

**सांगठानिक संरचना :**

RDN नेपालको सांगठानिक संरचनालाई अभियान केन्द्रीत बनाइने छ । संस्था सदस्यहरुलाई सहकार्य सदस्यको रुपमा एक जिल्ला एक सदस्य संस्थाको विकास गरिनेछ । सोही संस्थामा कार्यरत रहने हरेक जिल्लामा सम्पर्क व्यक्ति स्थापना गरिनेछ । नेपालको संविधान अनुसार संगठनको ढाँचा संघीय ढाचाको हुनेछ । जसमा राष्ट्रिय सम्मेलन यसको उच्च निकाय हुनेछ जसले हरेक ५ वर्षको लागि केन्द्रीय समितिको निर्माण गर्नेछ । दोस्रो तह प्रादेशीक कार्यसमिति हुनेछ । र तेस्रो तह जिल्ला समन्वय समिति हुनेछ र आवश्यकता अनुसार गाउँपालिका र नगरपालिकास्तरीय समिति समेत निर्माण गर्न सकिनेछ । RDN नेपालको अभियानलाई लोकतान्त्रिक र नेतृत्व हस्तान्तरण लगायतको प्रभावकारिताका लागि RDN नेपाल महिला अधिकार, विद्यार्थी अधिकार, प्राकृतिक श्रोत तथा भूमिअधिकार, हलिया अधिकार, मधेशी दलितअधिकार र जनवकालत, अनुसन्धान तथा अनुगमनलगायतका विभागहरु गठन गरिनेछ ।

**RDN नेपालको आर्थिक दीगोपन रणनीति :**

आगामी ५ वर्षभित्र संस्थाको आन्तरिक कोष निर्माण गरिनेछ जसमा सदस्यता, प्रकाशन विक्री, आर्थिक सहयता, दलित एक्टीभिष्टहरुको योगदानबाट जम्मा भएको एक कोष हुनेछ जसबाट कार्यालय भाडा लगायत व्यवस्थापन खर्चलाई परिचालन गरिनेछ । यसका अलावा दलित अधिकार अभियानलाई दीर्घकालिन बनाउन बहुसाझेदारीको नीति अवलम्बन गरिनेछ ।

**जोखिम आँकलन (Risk Assumption) :**

यो रणनीति केही महोत्वकांक्षी पनि हुन सक्दछ यसको प्रभावकारीता र कार्यान्वयन मुलुकको राजनीति स्थिरता, दातृ निकायको सकारात्मक सोच र अन्य स्रोतमा आधारित हुनेछ । यति हुँदाहुँदै पनि RDN नेपाल Dalit Activist Based जनसंगठन भएकोले यसको अभियान मानवअधिकार अधिकारमुखी हुनेछ । संगठनको बलमा आन्दोलनको निरन्तरता भने हुनेछ भन्नेमा विश्वास गरिन्छ । यस रणनीतिलाई सरकारी तथा अन्य गैरसरकारी अभियानसँग जोडिने छ ।

**भावी लक्ष्य :**

दलित अधिकार अभियान दीर्घकालिन रणनीति योजना पत्र २०१६-२०२० को सकारात्मक उपलब्धीका रुपमा आगामी २०२० देखि २०३० लाई नेपाल सरकारका तर्फबाट दलित अधिकार दशक घोषणा गरी योजनाबद्ध विकास गरिनेछ । सो दशक दलित मुक्तिको दशकका रुपमा विकास गर्न पहल गरिनेछ ।

**५ वर्षे रणनीति पत्रको Logical Framework :**

| क्र.स | क्रियाकलाप | २०१७ | २०१८ | २०१९ | २०२० | कैफियत |
|---|---|---|---|---|---|---|
| **१** | **नीतिगत अनुसन्धान, समीक्षा तथा वकालत** | | | | | |
| १.१ | दलित समुदायको परम्परागत पेशाको आधुनिकीकरणको संभाव्यता अध्ययन गर्ने | १ | ० | १ | १ | |
| १.२ | दलित सम्बन्धी सरकारी संरचनाहरुको नीति विश्लेषण तथा समीक्षा गर्ने | १ | १ | १ | १ | |
| १.३ | नेपालको संविधानमा सुनिश्चित भएका दलित अधिकारहरुको कार्यान्वयनका लागि नीतिगत वकालत (ऐक्यबद्धता संवाद) गर्ने | **नियमित** | **नियमित** | **नियमित** | **नियमित** | |
| १.४ | दिवस तथा समारोह मनाउने । | ५ | ५ | ५ | ५ | |
| १.५ | केस अध्ययन गरी सार्थक निश्कर्षमा | ३ | ४ | ५ | ६ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | पुराउन वकालत गर्ने | | | | | |
| २ | **संस्थागत विकास तथा क्षमता अभिवृद्धि** | | | | | |
| २.१ | आन्तरिक कोष | २ लाख | ३ लाख | ४ लाख | ५ लाख | |
| २.२ | दलित एक्टीभिष्ट बृद्धि | २५० | ३०० | ४०० | ५०० | |
| २.३ | कार्यालय भवन | - | - | - | १ | |
| २.४ | सहकार्य सदस्य संस्था बृद्धि | ७५ | १०० | १५० | २०० | |
| २.५ | टीकाराम पार्की मानव मर्यादा पुरस्कार कोष | ५०००० | ७५००० | १००००० | १५०००० | |
| २.६ | राष्ट्रिय दलित स्रोतकेन्द्र स्थापना | १ | १ | १ | १ | |
| २.७ | संगठन निर्माण तथा परिचालन | ५५ | ६० | ७० | ७५ | |
| २.८ | अनुगमन तथा मूल्याँकन | २ | २ | २ | २ | |
| २.९ | व्यवसायिक तथा संक्षेम स्टाफ निर्माण गर्ने | √ | √ | √ | √ | |
| २.१० | दलित नेताका लागि नेतृत्व विकास तालिम | १ | १ | १ | १ | |
| २.११ | हरेक वर्ष मानवअधिकारमा आधारित प्रणाली अनुसार कम्तिमा २५ जना दलित एक्टिभिष्टहरुका बीच स्कूल संचालन गर्ने | १ | १ | १ | १ | |
| ३ | **दवावमुलक अभियान तथा कार्यक्रमहरु** | | | | | |
| ३.१ | दलित संसद | १ | १ | १ | १ | |
| ३.२ | प्रदेश संसद | ५ | ७ | ७ | ७ | |
| ३.३ | जिल्ला परिषद | १५ | २० | २५ | ३० | |
| ३.४ | नमूना गाउँ अभियान | १५ | २० | २५ | ३० | |
| ३.५ | कर्णाली अभियान | १ | १ | १ | १ | |
| ३.६ | दिवस तथा समारोह | ५ | ५ | ५ | ५ | |
| ३.७ | दलित चुनाव परिवेक्षण अभियान | नियमित | नियमित | नियमित | नियमित | |
| ३.८ | दलित ऐक्यबद्धता समूह बैठक | १ | १ | १ | १ | |
| ३.९ | संचार निगरानी अभियान | √ | √ | √ | √ | |
| ३.१० | मतदाता जागरण अभियान | - | - | - | - | |
| ३.११ | भूमि अधिकार अभियान | √ | √ | √ | √ | |
| ३.१२ | वनअधिकार कानूनको खाका | √ | - | ० | ० | |
| ३.१३ | राजनीतिक सम्मेलन | १ | १ | १ | १ | |
| ३.१४ | दलितअधिकार घोषणाका लागि जनवकालत अभियान। | २ | ३ | ४ | ५ | |
| ३.१५ | दलित अधिकार शिक्षा अभियान | √ | √ | √ | √ | |
| ३.१६ | नयाँ संविधान अनुसार आवश्यक कानूनको वैकल्पिक डाफ्टहरु निर्माण गर्ने | √ | √ | √ | √ | |
| ३.१७ | छुवाछूतमुक्त गाउपालिका तथा नगरपालिका र प्रदेश घोषणा अभियान। | √ | √ | √ | √ | |
| ३.१८ | प्राकृतिक स्रोत, सार्वजनिक सेवा र न्यायमा पहँच कार्यक्रम | √ | √ | √ | √ | |
| ४ | **कोलाब्रेशन, कोर्डिनेशन तथा नेटवर्किङ्ग** | | | | | |
| ४.१ | ह्रालसम्म भएका नेटवर्क तथा लिंकेजमा | √ | √ | √ | √ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | अभिवृद्धि गर्ने | | | | | |
| ४.२ | विभिन्न नेटवर्कहरुमा बस्दाको फाइदा बेफाइदाको समीक्षा गर्ने | √ | √ | √ | √ | |
| ४.३ | अन्य संस्था तथा संजालहरुसंग भाइचारा सम्बन्ध विकास गर्ने । | √ | √ | √ | √ | |
| ४.४ | नेपाल बाट बैकल्पिक प्रतिवेदन हरु उत्पादनमा जोड दिने | √ | √ | √ | √ | |
| ४.५ | राजनीतिक दलित संगठनहरु संगको सम्बन्ध विकास | √ | √ | √ | √ | |
| **५** | **प्रकाशन तथा वितरण** | | | | | |
| ५.१ | द्यलित समावेशी करण लेखाजोखा प्रतिवेदन | √ | √ | √ | √ | |
| ५.२ | दलित अधिकार बर्ष पुस्तक प्रकाशन | √ | √ | √ | √ | |
| ५.३ | दलित संसद प्रतिवेदन | √ | √ | √ | √ | |
| ५.४ | क्यालेण्डर, पोष्टर, स्टीकर प्रकाशन | √ | √ | √ | √ | |
| ५.५ | ज्ञान निर्माण सहित विभिन्न विषयका पुस्तकहरु प्रकाशन गर्ने | √ | √ | √ | √ | |
| **६** | **आर्थिक व्यवस्थापन तथा परिचालन** | | | | | |
| ६.१ | सामाजिक लेखा परिक्षण | √ | √ | √ | √ | |
| ६.२ | मानवीय स्रोत विकास गर्ने । | √ | √ | √ | √ | |
| ६.३ | निर्णय प्रक्रिया र आन्तरिक तथा बाह्य सूचना प्रणाली व्यवस्थित गर्ने | √ | √ | √ | √ | |
| ६.४ | बार्षिक योजना तथा बजेट निर्माण गर्ने | √ | √ | √ | √ | |
| ६.५ | कोष अभिवृद्धि तथा दीर्घकालिन योजनाको प्रारुप तयार गर्ने | √ | √ | √ | √ | |
| ६.६ | प्रशासनिक नियम, निर्देशीका तथा अन्य आवश्यक नियम निर्माण गर्ने | √ | √ | √ | √ | |
| ६.७ | नियमित सामाजिक लेखा जोखा गर्ने | √ | √ | √ | √ | |

**दलित आन्दोलनको अबको साझा सवालहरु**

१. नेपालको संविधानले सुनिश्चित गरेका अधिकार तथा संरचनाहरुको कार्यान्वयनमा जोड दिने ।

२. सामन्तवादका अवशेषहरुको समूल अन्त्य गर्न आम दलित समुदाय र यिनका शुभचिन्तकहरुको व्यापक परिचालनमार्फत वैज्ञानिक भूमिसुधार राष्ट्रव्यापी साझा अभियान संचालन गर्नुपर्दछ ।

३. दीर्घकालिन विकास लक्ष (२०१५ देखि २०३०) सम्मको लागि वैज्ञानिक आरक्षणको वस्तुनिष्ठ १५ वर्षे मोडल तयार गर्ने र २०२०–२०३० लाई राज्यकातर्फबाट दलितअधिकार दशक घोषणा गर्नुपर्दछ ।

४. विचारधारात्मक र संगठनात्मक रुपमा राजनीतिक दलहरुको रुपान्तरणमा जोड दिनुपर्दछ ।

५. अब हाम्रो जोड भनेको आर्थिक समृद्धिका लागि हो । खाली देशको आर्थिक समृद्धि मात्र भनेर पुग्दैन शोषित पीडित जनता त्यसमा पनि दलितहरुको समृद्धिमा जोड दिनुपर्दछ ।

६. हालसम्म हाम्रो आन्दोलनले वर्णको कुरा बढी वर्गको कुरा कम गर्दै आयो अब संविधान जारी भई सकेपछि संयुक्त रुपमा वर्गीय आन्दोलनमा जोड दिनुपर्दछ ।

७. अबको परिवर्तन पश्चात दलित समुदायको ठूलो हिस्सा राज्यका विभिन्न अवसरमा पुग्नेछ । त्यसैले अहिले देखि नै सो अवसरधारी दलितहरुको पूरै हिस्सालाई दलितमुक्ति आन्दोलनको अभिन्न अंग बनाइन सक्नुपर्दछ ।

८. नेपाली दलित आन्दोलन एकलकाँटे मात्र भएर सफल हुन सक्दैन । ५० प्रतिशत दलित महिलाहरुको सार्थक सहभागिता सहित समतामुलक आन्दोलन बन्न सक्नुपर्दछ ।
९. हाम्रो आन्दोलनमा अन्तरजातीय अन्तरविरोध विभिन्न ढंगले देखा पर्न थालेको छ । अब हामीले निर्माण गर्ने दलित राजनीतिक संगठनहरु पूर्णरुपमा समानुपातिक र समावेशी बनाउने कुरामा उच्चस्तरको ध्यान दिन सक्नुपर्दछ ।
१०. हामी संघीयताको यात्रामा अघि बढेका छौं । हालको एकात्मक शासन, हिन्दूधर्म, जातीय विभेद, भूमिको असमान वितरण र भाषागत विभेदमा आधारित संरचना बदल्नुपर्दछ ।

**निश्कर्ष :**

अबको परिवर्तित सन्दर्भमा अब हाम्रो आन्दोलनले जनताको शक्तिलाई व्यापक रुपमा संगठित गर्नु, त्यसका आधारमा जनप्रतिनीधिहरु निर्वाचित गर्नु, हाम्रो लक्षहरु अनुकुल नीतिहरु निर्माण गर्न दवाव दिदै जानु र जनप्रतिनीधिसभामा हस्तक्षेप बढाउँदै राष्ट्रिय पूँजी निर्माणमा पहल गर्नुलाई जोड दिनुपर्छ । सरकारी, नीजि र सहकारी क्षेत्रको प्रतिष्पर्धा र साझेदारीलाई प्रोत्साहन गर्ने, उत्पादनमा सार्वजनिक क्षेत्र अन्तरगत स्थानीय सरकारको लगानी विस्तारको शिक्षा, स्वास्थ्य, रोजगारी, आवास, स्थानीय पूर्वाधार, पर्यटन बन, सिचाई, साना जलविद्युत योजना बनाउने र न्यायपूर्ण वितरणमा ध्यान दिने, योजनाबद्ध सन्तुलित विकास, स्थानीय तहका अधिकारहरु, विविधतामा एकताको नेपाली मौलिक संघीयता, भष्ट्राचार र कमिशनमुक्त राज्यका संरचनाहरु, समावेशी लोकतान्त्रिक अधिकारहरुको विस्तार, जातीय छुवाछूत र भेदभावको उन्मुलन गर्दै जनताको राष्ट्रिय एकता कायम गर्नुपर्दछ । यसो गर्न सक्दा हालको दलाल पूजीको राष्ट्रिय पूजी निर्माण हुनेछ, अहिलेको मध्यमवर्ग राष्ट्रिय पूजीपतिवर्गमा रुपान्तरण्ण हुनेछ, दलाल पूजीपतिवर्गको घोर प्रतिक्रियावादी गुटको पलायन हुनेछ अथवा रुपान्तरण भएर राष्ट्रिय पूँजीपतिमा परिणत हुनेछ । त्यस बेलासम्म हालको गरीवी र विभेदका स्वरुपहरु आधारभूत रुपमा समाप्त भइसकेका हुनेछन् । अहिलेको विभेदको शिकार भएका दलित, महिला, जनजाति, मधेशीलगायत पिछडिएको क्षेत्रका जनतामाथि हुदै आएको परम्परागत जातीय छुवाछूत र विभेदको आधार पनि अन्त्य भएर उनीहरु मानव मर्यादा सहितको वास्तविक वहुसंख्यक श्रमजीविवर्गमा रुपान्तरण भई संगठीत भएको हुनेछन् । त्यसपछि हामी वहुसंख्यक श्रमजीविवर्गको भौतिक तथा साँस्कृतिक सम्पन्नताका स्थानीय, प्रादेशीक र राष्ट्रिय गौरवका योजनाहरु निर्माणमा जुट्नेछौं । जसले भूमिको सार्वजनिक स्वामित्व, सार्वजनिक सम्पतिको व्यापक बृद्धि, सहकारीमा आधारित अर्थतन्त्रको स्थपाना, शिक्षा र स्वास्थ्यमा राज्यको ग्यारेण्टी जस्ता समाजवादी आधारहरु तयार हुनेछन् ।

अबको हाम्रो प्रयासहरु पार्टीको नोकरशाहीकरणबाट मुक्त, पूर्वाधार विकासका राष्ट्रिय योजना, रोजगारी बृद्धि, गरीवी उन्मुलन, न्यायपूर्ण वितरण, राष्ट्रिय/अन्तराष्ट्रिय सहयोग तथा समर्थन, त्यसको प्रभावकारी कार्यान्वयनका लागि आफ्ना कर्मचारी, जनप्रतिनीधि र सरकारमा जानेहरुलाई निर्देशीत गर्ने र आवश्यक पर्दा सम्पूर्ण आन्दोलन एकताबद्ध बनाउनुपर्दछ । अबको हाम्रो आन्दोलनमा शिक्षा, स्वास्थ्य, गरीवी निवारण, भष्ट्राचार निवारण, प्रतिव्यक्ति आयमा बृद्धि, वातावरणीय संरक्षण, सीप विकास तथा रोजगारी प्रबर्द्धन, विद्युतीकरण, सामाजिक तथा सार्वजनिक सुरक्षा जस्ता योजना कार्यान्वयनका लागि राष्ट्रव्यापी जनपरिचालनका लागि समेत तयार हुनुपर्दछ ।